का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ मंसिर २०८१,
मंगलबार
19 November, 2024
Tuesday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २२, अंक २७० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



*अलबिदा दमननाथ!* पूर्वसभामुख दमननाथ ढुंगानाको पशुपतिनाथस्थित आर्यघाटमा राजकीय सम्मानका साथ अन्त्येष्टि गरिएको छ । ढुंगानाको ७८ वर्षको उमेरमा आइतबार दिउँसो निधन भएको थियो । तस्बिर : नेपाल फोटो लाइब्रेरी

सहकारी प्रकरण

# आँखा छल्न बयान–बहाना

सहकारी बचत रकम अपचलनमा हालसम्म २४ हजार २२४ बचतकर्ताले प्रहरीमा उजुरी दिएका छन् । ती उजुरीका आधारमा प्रहरीले अहिलेसम्म ६०० जनाभन्दा बढीलाई अनुसन्धानका लागि पक्राउ गरेको छ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३ मंसिर

यतिबेला सहकारी ठगी प्रकरणको देशव्यापी व्यापक रूपमा चर्चा चलिरहेको छ । यसै प्रकरणमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछाने प्रहरी हिरासतमा छन् ।

सहकारी ठगी र संगठित अपराधमा रवि पक्राउ त अहिलेको सर्वत्र चर्चामा रहेको विषय मात्र हो । तर, पछिल्लो १ वर्षमा सहकारीमा भएको अनियमिततासम्बन्धी देशभर कुल १४९ वटा मुद्दा दर्ता भएका छन् ।

एमालेका सांसद् सूर्यबहादुर थापाको संयोजकत्वमा सरकारले १५ जेठमा 'सहकारी संस्था बचत रकम संसदीय छानबिन विशेष समिति' गठन गरेको थियो ।

तत्कालीन प्रतिपक्षी र हालको प्रमुख सत्ता घटक नेपाली कांग्रेसको मागबमोजिम छानबिन समिति गठन गरिएको थियो । सुरुवातमा रास्वपाका सभापति तथा पूर्वउपप्रधान तथा गृहमन्त्री लामिछानेले सहकारीको रकम हिनामिना गरेको चर्चा चौतर्फी चुलिए पनि पछिल्लो समय अन्य नेताहरूको नाम पनि यस प्रकरणमा जोडिन थालेको हो ।

सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा संसदीय छानबिन विशेष समितिको प्रतिवेदनअनुसार संघीय सरकारअन्तर्गत दर्ता भएका २२ वटा सहकारीको मात्र ३६ अर्ब २८ करोड ९६ लाख ८१ हजार ७८० रुपैयाँ अपचलन हुँदा ६२ हजार १८१ बचतकर्ता पीडित छन् ।

समितिले प्रतिवेदन दिएपछि सत्ता र प्रतिपक्षमा रहेका नेताहरू एकपछि अर्कोगरी मुछिने क्रम बढ्दै छ ।

रास्वपा र उसका नेता तथा समर्थकहरूले भनेजस्तै सहकारी ठगीमा लामिछानेबाहेक कोही पनि पक्राउ नपरेका भने पृष्ठ २ मा







## ठगीमा अरू नेताहरू पनि

सहकारी संस्थाको रकम हिनामिनामा पछिल्लो समय अन्य पार्टीका नेताहरू पनि मुछिएका छन् । ठगी प्रकरणमा उनीहरूको नाम आए पनि अनुसन्धान सुस्त छ भने लामिछानबाहेक कुनै पनि नेता पक्राउ परेका छैनन् ।

सहकारी ठगीमा लामिछाने पक्राउलाई रास्वपाले राजनीतिक प्रतिशोध साँधेको दाबी गरिहेको छ ।

'सभापति लामिछानेविरुद्ध गरिएको कारबाही राजनीतिक प्रतिशोधको निकृष्ट कृत्य हो', सोमबार रास्वपाले जारी गरेको विज्ञप्तिमा भनेको छ, ' यो कारबाही सत्तारूढ राजनीतिक दलहरूले रास्वपाको बढ्दो प्रभाव र जनसमर्थनलाई दबाउन गरेको सुनियोजित षड्यन्त्र हो ।'

सहकारी प्रकरणमा दलका नेतामध्ये लामिछाने मात्र पक्राउ पर्नु र अन्य दलका नेताहरूमाथि अनुसन्धान पनि नहुँदा रास्वपाले गरेको दाबीमा अन्यथा पृष्ठ २ मा

## अनुसन्धान सुरु नै भएन

सहकारी ठगी प्रकरणमा लामिछाने पक्राउ भएपछि यसमा संलग्न अन्य नेताहरूमाथि अनुसन्धान हुने अपेक्षा थियो । अहिलेसम्म लामिछानेबाहेक कुनै पनि नेतामाथि अनुसन्धान सुरु भएको छैन । सहकारी ठगी प्रकरणमा मुछिएका नेताहरूको फेहरिस्त पनि लामै छ ।

सत्ता साझेदार कांग्रेसका उपसभापति धनराज गुरुङ, एमालेका सांसद् तथा संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल, माओवादी केन्द्रका सांसद् शक्तिबहादुर बस्नेत, रास्वपाका उपसभापति डीपी अर्याल, सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीदेखि कांग्रेस सांसद् शान्ति परियार वि.क.सम्मको नाम मुछिएको छ । यस्तै, राप्रपाकी सांसद गीता बस्नेत पनि मुछिएकी छन् ।

कांग्रेस उपसभापति गुरुङविरुद्ध ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सेभिङ एन्ड क्रेडिड को-अपरेटिभका अध्यक्ष कुम्भराज गुरुङले उजुरी दिएका छन् । धनराज र उनकी श्रीमती ज्योति मिलेर सहकारीबाट निकालेको १४ करोड ८१ लाख रुपैयाँ नतिरेको पृष्ठ २ मा

# मन्त्री–सांसद किचलो

सरकारमार्फत जनताको एजेन्डा सम्बोधन गर्ने जिम्मेवारीमा छन् प्रमुख सत्ता घटक नेपाली कांग्रेसका नेताहरु । तर, धेरै नेता, सांसद र मन्त्रीहरु आन्तरिक किचलोमा रुमल्लिरहेका देखिन्छन् ।

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

गत शुक्रबार राज्य व्यवस्था समितिको बैठकमा ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङ (कान्छाराम) र कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा आमनेसामने भए । विधेयकमाथि छलफल गर्न बसेको बैठकमा महामन्त्री शर्माले प्रश्न गरे, ' तपाई गाँसिएको संस्था कालोसूचीमा परेको विवरण सार्वजनिक भएको छ । यसमा गम्भीर रूपमा ध्यानाकर्षण गराउन चाहन्छु ।'

पार्टीको नीतिअनुसार जनताको पक्षमा काम गर्नु उनको प्रमुख दायित्व हो । यही दायित्व बहन गर्दै आएको दाबी गर्ने तामाङ गत शुक्रबार कांग्रेसकै महामन्त्री विश्वप्रकाश शर्माको आलोचनाको सिकार भए ।

तामाङले प्रतिवाद गरे, 'समितिको बैठकको छलफलको विषय कालोसूचीको वा सेतोसूचीको प्रस्ताव ल्याउनेसँग जोडिएको छैन ।' तथापि, प्रश्न उठेको जस्तो आफ्नो संलग्नताको विषय नरहेको प्रष्टीकरण दिए ।

प्रचलित कानुन नियमअनुसार आफूलाई पार्टीले पठाएपछि पृष्ठ २ मा



## आँखीझ्याल



सार्वजनिक जग्गा संरक्षणमा टोखा... २



आँसुसँगै विलीन सामाजिक मुद्दाहरू ४




एनपीएलको खेल तालिका सार्वजनिक ७

तराईका जिल्लामा घरजग्गा खरिद बिक्री बढ्दै ८



नेपाल–भारत साझा एजेन्डा

# सुन तस्करी नियन्त्रण



सुन तस्करी र राजस्व चुहावट नियन्त्रण, तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश रोक्ने, सीमा सुरक्षालाई अझै व्यवस्थित बनाउने, दशगजा क्षेत्रलाई अतिक्रिमणमुक्त पार्ने समझदारी भएको छ ।

**ऋषिराम तिवारी**
सहसचिव
गृह मन्त्रालयका

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ३ मंसिर ।

नेपाल र भारतबीचको सीमा सुरक्षा समन्वय बैठकमा सुन तस्करीको विषयले प्रमुख प्राथमिकता पाएको छ ।

सोमबार सम्पन्न नेपालका सशस्त्र प्रहरी बलका महानिरीक्षक (आईजीपी) र भारतीय सशस्त्र सीमा बल (एसएसबी)का महानिर्देशक स्तरीय सीमा सुरक्षा समन्वय बैठकमा सुन तस्करीको विषयले प्राथमिकता पाएको अधिकारीहरूले बताएका हुन् ।

अधिकारीहरूका अनुसार बैठकमा भारतले तेस्रो देशबाट नेपाल भएर भारतमा सुन तस्करी हुने गरेको भन्दै यसको नियन्त्रणमा नेपाल पक्षको ध्यानाकर्षण गराएको थियो । नेपाली पक्षले पनि भारतीय सीमा क्षेत्रमा खुलेका मेडिकल पसलबाट गिरोहले सुनको अवैध ओसारपसार गर्ने गरेको भन्दै नियमनका लागि ध्यानाकर्षण गराएको थियो ।

> भारतले तेस्रो देशबाट नेपाल हुँदै भारतमा सुन तस्करी हुने गरेको भन्दै नेपाली पक्षको ध्यानाकर्षण गराएको थियो । नेपाली पक्षले भारतीय सीमा क्षेत्रमा खुलेका मेडिकल पसलबाट गिरोहले सुनको अवैध ओसारपसार गर्ने गरेको भनेर ध्यानाकर्षण गराएको थियो ।

दुवै देशले एक अर्को देशको ध्यानाकर्षण गराएपछि सुन तस्करी नियन्त्रणका लागि मिलेर काम गर्ने समझदारी गरेका छन् । सीमा पार अपराध रोकथाम तथा नियन्त्रण गर्ने साझा संकल्पसहित सम्पन्न बैठकले गरेको समझदारीमा सुन तस्करीसहित तेस्रो देशका नागरिकको गैरकानुनी घूसपैठ, भन्सार छली, लागुऔषध ओसारपसार, अवैध हातहतियार कारोबार रोक्न संयुक्त पहल लिने उल्लेख छ । एक देशमा अपराध गरेर अर्को देशमा लुक्नेलगायत अपराधविरुद्ध जुध्न र दुवैतर्फ सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकबीच सुमधुर सम्बन्ध कायम राख्ने भनिएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल र भारतीय एसएसबीका महानिर्देशक अमृतमोहन प्रसादले सीमा सुरक्षा र सीमापार अपराध रोकथाम र नियन्त्रणलाई आ-आफ्नातर्फबाट प्रभावकारी बनाउने प्रतिबद्धतासहित साझा एजेन्डामा संयुक्त हस्ताक्षर गरेका छन् । अर्थात्, सुन तस्करी नियन्त्रण पनि नेपाल र भारतको साझा एजेन्डा बनेको छ ।

साझा एजेन्डा तयार गर्न नेपाल र भारतको सीमा सुरक्षासम्बन्धी २ देशका अधिकारीको उच्चस्तरीय बैठक ३ दिनसम्म निरन्तर चल्यो । उक्त बैठकले सीमापार हुने अपराध नियन्त्रणलाई थप प्रभावकारी बनाउनुपर्ने निष्कर्षसमेत निकालेका छन् ।

३ दिनसम्म बसेको बैठकले दुवै देशको संयुक्त प्रयासमा सीमा सुरक्षालाई थप प्रभावकारी बनाउँदै सीमाबाट हुने अपराध नियन्त्रणमा प्रभावकारी कदम चाल्ने निर्णय गरेका हुन् । पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## जापानपछि जर्मनीमा रोजगारीको ठूलो अवसर
# सरकारी सुस्तताले नेपालीलाई समस्या

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ मंसिर

कोरोना महामारीपछि अर्थतन्त्र चलायमान हुँदा विश्वका अधिकाश मुलुकमा आप्रवासी कामदाको माग बढेको छ । स्पष्ट नीति लिन सकेको अवस्थामा रेमिट्यान्स र वैदेशिक रोजगारमा निर्भर नेपालले त्यसबाट ठूलो लाभ लिन सक्ने देखिएको छ ।

मूलतः ट्रेड युनियन अधिकारका दृष्टिकोणले अनुदार खाडी र मलेसियामाथिको परम्परागत निर्भरता हटाई युरोपको उदार श्रम बजारमा नेपाली कामदारको पहुँच वृद्धि हुने पनि देखिएको छ । युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र भएको मुलुक जर्मनीले यस वर्षको अन्त्यसम्ममा २ लाख जना दक्ष विदेशी कामदार भित्र्याउने बताएको छ । यो संख्या गत वर्ष सन् २०२३ को तुलनामा १० प्रतिशतले बढी हो ।

उक्त मुलुकले दक्ष कामदार भित्र्याउने प्रक्रिया सहज बनाउन अध्यागमन नियमहरू खुकुलो पारेको छ । जर्मनीले विगत ५ वर्षमा लगभग १६ लाख रोजगारी सिर्जना गरेको छ । त्यसको ८९ प्रतिशत पदहरूमा विदेशी कामदार भर्ना गरिएको छ ।

दक्ष विदेशी कामदार आकर्षित गर्न उसले क्यानाडाबाट प्रेरित पोइन्ट प्रणालीमा आधारित अवसर कार्ड सुरुवात गरेको छ । यसलाई 'अपर्च्युनिटी कार्ड' भन्ने गरिएको छ, जसले नेपाल जस्ता युरोपियन युनियनभन्दा बाहिरी मुलुकबाट दक्ष कामदार लैजान छिटो र सहज हुने बताइएको छ ।

जर्मन विदेशमन्त्री एनालेना बेरबकले आप्रवासन ऐन सुधार गरेर युरोपमा सबैभन्दा आधुनिक अध्यागमन कानुन बनाएको र अन्ततः त्यसले आप्रवासी कामदारको भिसा प्रक्रियालाई सरल बनाउने बताएका छन् । आप्रवासी कामदार हरूको कमी पूरा गर्न उमेर, जर्मन र अंग्रेजी भाषा सीप जस्ता सामान्य विषयलाई प्राथमिकता राखेको जर्मन सरकारले बताएको छ ।

हाल जर्मनीले सिरियाली गृहयुद्धबाट भागेका ठूलो संख्याका सिरियन नागरिकलाई रोजगारीमा पृष्ठ २ मा

## रोमानिया पठाउने भन्दै ठग्ने पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीमा रोमानिया पठाइदिन्छु भनी रकम ठगी गरेको अभियोगमा १ जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सिन्धुपाल्चोक लिसंखुपाखर गाउँपालिका- ७ घर भई ललितपुर महालक्ष्मी नगरपालिका- ५ बस्ने ३९ वर्षीय मनिलकुमार लामा छन् ।

लामाले रोमानिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४ लाख ६० हजार रुपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
४ मंसिर २०८१, मंगलबार
19 November 2024, Tuesday

# जनकपुरका स्कुल संचालकहरू नै अनिश्चितकालीन हडतालमा

**कमल साह/मध्यान्ह**
जनकपुरधाम, ३ मंसिर



जनकपुरधाम उपमहानगरपालिका भित्र संचालित निजी विद्यालय तथा कलेज सञ्चालकहरूले अनिश्चितकालीन हड्तालमा उत्रिएका छन् । उनीहरूले हड्ताल गर्दा करिब दुई सय विद्यालय तथा कलेजहरूमा पढाइ अवरुद्ध भएको छ। निजी विद्यालयका संगठनहरू हिसान, प्याबसन तथा एनप्याबसनले आइतवार संयुक्त विज्ञप्ति जारी गरी कक्षा ११ र १२ मा अध्ययनरत्त विद्यार्थीहरूको हकमा जनकपुरधाम उपमहानगरपालिका र नेपाल विद्यार्थी संघबीच भएको सम्झौता सच्याउन आग्रह गरिए पनि बेवास्ता गरेको भन्दै सोमवारदेखि विद्यालय तथा कलेजहरू अनिश्चितकालका लागि बन्द गरेका हुन् ।

उनीहरूको यस निर्णयमा मधेश प्याबसनले समेत समर्थन जनाएको छ ।

जनकपुरधाम नगर भित्र सञ्चालित संस्थागत विद्यालयहरूमा 'छात्रवृत्ति वितरण व्यवस्थापन समिति' को छात्रवृत्ति वितरण व्यवस्थापन कार्यविधि बमोजिम सिफारिस भएका विद्यार्थीहरूबाट भर्ना शुल्क, मासिक शुल्क र परीक्षा शुल्कबाहेक अन्य शुल्क लिन सक्ने व्यवस्था रहेको र सोही अनुसार गर्दै आए पनि दुई महिना पछि फरक किसिमको निर्णय भएको हुँदा सो शुल्कमा पढाउन नसकिने उनीहरूको भनाइ छ । उनीहरूले यो निर्णयलाई सच्याउन उपमहानगरसँग माग गरेका छन् । 'उपमहानगरले मागका विषयमा पहल नगरेकाले बाध्य भएर निजी विद्यालयहरू अनिश्चितकालका लागि बन्द गरेका हौं', एनप्यावसनका अध्यक्ष दीपक कुमार ठाकुरले भने ।

उपमहानगरपालिले मागको सुनवाइ नगरे चरणबद्ध आन्दोलनमा जाने पनि उनले बताए ।

आन्दोलनलाई सक्रिय बनाउन प्रथम चरणमा उनीहरूले उपमहानगर विरुद्धमा शैक्षिक संस्थाहरूमा कालो झण्डा लगाउने, शिक्षकहरूले कालो पट्टी बाँधेर उपमहानगरपालिकाको कार्यालयमा धर्ना दिने योजना बनाएका छन् ।

केही दिन अघि हिसान, प्याबसन तथा एनप्याबसनले संयुक्त रूपमा पत्रकार सम्मेलन गरी उपमहानगरपालिकाले विद्यालय भर्ना शुल्क निर्धारणसम्बन्धी गरेको निर्णयप्रति आपत्ति जनाउँदै फिर्ता लिन मागसमेत गरेको थियो ।

उनीहरूले शैक्षिक आन्दोलनबाट विद्यार्थीलाई हुने क्षतिको सबै जबावदेही उपमहानगरलाई लिनुपर्ने पनि बताएका छन्। मोडेल मल्टिपल कलेजका संचालक वीरेन्द्र साहले उपमहानगरले एउटै विषयमा दुई मितिमा फरक फरक निर्णय गरी आन्दोलनको लागि हामीलाई बाध्य पारेको आरोप लगाए । '१७ वटै शैक्षिक संस्थाले शैक्षिक सत्र भर्ना पछि हिसाब र अडिट गरिसकेको अवस्थामा गत दुई आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को रमक फिर्ता गर्न पत्र काटन लगाएर हामीलाई असंतुष्ट पार्न खोजेको छ,'उनले भने ।

एनप्याबसन धनुषाका अध्यक्ष आशिष झाले फरक-फरक मितिमा फरक-फरक कलेजलाई गरिएको पत्राचारअनुसार निजी कलेजहरूले दुई वटा शत्रमा छात्रवृत्तिमा भर्ना भएका विद्यार्थीहरूलाई अतिरिक्त रकम फिर्ता गर्नुपर्ने असम्भव विषय उठाएर शैक्षिक संस्थालाई आन्दोलन गर्न उस्काएको आरोप लगाए ।

### कार्यविधिमै त्रुटि

उपमहानगरले विद्यालय र कलेजलाई गरेको पत्राचारमा उल्लेखित २०७४ को विद्यालय छात्रवृत्ति वितरण कार्यविधिको अनुच्छेद २.४ मा छात्रवृत्तिलाई परिभाषित गरेको छ भने सोही कार्यविधिको अनुच्छेद ५.३ (छात्रवृत्तिमा विद्यार्थी छनोट गर्ने प्रक्रिया) को बुँदा नं. ङ मा 'यसरी सिफारिस भएको विद्यार्थीहरूको भर्ना शुल्क मासिक शिक्षण शुल्क र परीक्षा लिन पाइने छैन' भनेर मात्र उल्लेख छ। यसको अर्थ त्यस बाहेकका शुल्क विद्यालयले लिन पाउने दर्शाउँछ ।

### आँखा...

होइनन् । प्रहरीले २ कात्तिकमा काठमाडौंबाट लामिछानेलाई प्रक्राउ गरेको हो । उनी अहिले प्रहरी हिरातमा छन्। कास्की जिल्ला अदालतले सहकारी ठगी मुद्दामा लामिछानेसँगै १४ जनालाई पक्राउ गरी अनुसन्धान गर्न प्रहरीलाई अनुमति दिएको छ ।

पोखराको सूर्यदर्शन सहकारीको ६५ करोड रुपैयाँ ठगी प्रकरणमा गोर्खा मिडियाका तत्कालीन प्रबन्ध निर्देशकसमेत रहेका लामिछानेको संलग्नता देखिएपछि संसदीय समितिले गरेको सफारिसका आधारमा लामिछाने पक्राउ परेका हुन् ।

लामिछानेका व्यापारिक साझेदार छविलाल जोशी पनि कास्की प्रहरीको हिरासतमा छन् । जोशी पनि लामिछाने जस्तै गोर्खा मिडिया नेटवर्क प्रा.लि.का संचालक थिए । सहकारी ठगीको आरोपमा गोर्खा मिडिया नेटवर्कका अर्का संचालक कुमार रम्तेल लामो समयदेखि कास्की कारागारमा छन् ।

बचतकर्ताहरूको १६ अर्ब रुपैयाँभन्दा बढी रकम दुरुपयोग गरेको आरोप लागेका सूर्यदर्शन सहकारी संस्थाका पूर्वअध्यक्ष गितेन्द्रबाबु (जीबी) राईसहित ७ जनाविरुद्ध जिल्ला प्रहरी कार्यालय कास्कीले पक्राउ पुर्जी जारी गरिसकेको छ तर उनी अहिलेसम्म फरार छन् ।

### ठगीमा...

नरहेको पनि केही विश्लेषकहरू बताउँदै आएका छन्। लामिछाने पक्राउ पर्दा अरू नेताहरू किन बाहिर ? भन्ने प्रश्न पनि उठ्न थालेको छ ।

### अनुसन्धान...

भन्दै कुम्भराजले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) र एमाले सांसद् थापा संयोजकत्वको संसदीय समितिमा पनि उजुरी दिएका हुन् । यद्यपि, प्रहरीले गुरुङसँग बयान लिएको छ ।

यस्तै, संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल मोरङको धनपालथान गाउँपालिका- ४ मा उमागौरी कृषि सहकारी संस्थामा भएको करोडौं रुपैयाँ ठगीमा मुछिएका छन् । उनकी श्रीमती अञ्जला कोइराला झण्डै १४ करोड रुपैयाँ अपचलनमा मुछिएपछि लेखा समिति सभापति पोखरेलको नाम सहकारी ठगीमा जोडिएको हो। पोखरेलकी पत्नी अञ्जला ऋण नतिरेका कारण डेढ वर्षदेखि कालोसूचीमा छन् ।

रास्वपाका उपसभापति अर्याल हाम्रो नयाँ कृषि सहकारी संस्थाको उपाध्यक्ष हुँदा निक्षेपकर्ताले ४ करोड रुपैयाँभन्दा बढी रकम फिर्ता नपाएको विषय रहेको र त्यसबेला उक्त सहकारीको संचालक समितिको सदस्यमा बुर्लाकोटीसमेत रहेका थिए ।

उक्त रकम हिनामिनामा माओवादी केन्द्रका सांसद् शक्तिबहादुर बस्नेतको पनि नाम जोडिएको छ । उनी पुष्पकमल दाहाल ' प्रचण्ड' नेतृत्वको सरकारमा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री हुँदा नै सहकारी ठगीमा मुछिएका हुन् ।

तत्कालीन ऊर्जामन्त्री बस्नेत हाम्रो नयाँ कृषि सहकारी संस्थाका संस्थापक अध्यक्ष हुन् । बस्नेतपछि उनकी पत्नी सत्या पहाडी र त्यसपछि सूर्यबहादुर गुरुङ सहकारीका अध्यक्ष बनेका थिए । गुरुङ नाताले बस्नेतका साला पर्छन् । गुरुङपछि उक्त सहकारीको अध्यक्ष जीबी गुरुङ बनेका थिए । रास्वपा उपाध्यक्ष अर्याल जीबी गुरुङ अध्यक्ष बन्दा उपाध्यक्ष बनेका थिए।

पछिल्लो समय सहकारी संस्थाको रकम हिनामिनामा कांग्रेस सांसद् शान्ति परियार वि.क.को नाम पनि जोडिएको छ । चितवनको इच्छाकामना गाउँपालिका- ५ मा अवस्थित छिमेकी कृषि सहकारी लिमिटेडबाट लिएको ऋण चुक्ता नगरेपछि उनको नाम सहकारी ठगी प्रकरणमा जोडिएको हो ।

सांसद् वि.क.ले ५ असार २०७१ मा १ लाख ५० हजार रुपैयाँ ऋण लिएर चुक्ता नगरेको सहकारीका अध्यक्ष विष्णुप्रसाद अर्यालले आरोप लगाएका छन् ।

यसअघि एमालेका तर्फबाट संविधानसभा सदस्य रहिसकेका सिभिल सहकारीका संचालक इच्छाराज तामाङ सम्पत्ति शुद्धीकरण मुद्दामा दोषी ठहर भएर जेल परिसकेका छन् ।

उनलाई २०८० माघमा विशेष अदालतका अध्यक्ष टेकनारायण कुँवर, सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सम्पत्तिको स्रोत नखुलेको भन्दै सम्पत्ति शुद्धीकरण मुद्दामा दोषी ठहर गरेको थियो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले १६ भदौ २०७९ मा इच्छाराजविरुद्ध सम्पत्ति शुद्धीकरणको आरोपमा मुद्दा दायर गरेको थियो। उनीमाथि सहकारीको रकम आफ्ना विभिन्न कम्पनीमा लगानी गरेको र कम्पनीको नाफा अन्यत्र लगानी गरेको आरोप छ ।

यस्तै, रास्वपाका निलम्बित सांसद् ढाकाकुमार श्रेष्ठ पनि सहकारीको विवादमा मुछिने नेतामा पर्छन् । कास्कीको पोखरास्थित रत्नचोकमा उनी आफैंले स्थापना गरेको साथी किसान सहकारी संस्थाका बचतकर्ताहरूको बचत रकम डुबेको छ ।

एमाले निकट कृष्णबहादुर (केबी) उप्रेती पनि सहकारीको करिब ७ अर्ब रुपैयाँ ठगी गरेको आरोपमा डिल्लीबजार जेलमा छन् । प्रहरीले सहकारी ठगीको आरोपमा बाग्लुङको ढोरपाटन नगरपालिका मेयर देवकुमार नेपालीलाई दिल्लीबाट भारतीय प्रहरीको सहयोगमा पक्राउ गरी नेपाल ल्याएको थियो । बचतकर्ताको १ अर्ब ८० करोड रुपैयाँ फिर्ता गर्न बाँकी रहेको अवस्थामा उनी पक्राउ परेका हुन् । सहकारीको अध्यक्ष हुँदा श्रेष्ठले बचतकर्ताको रकम आफ्नै व्यवसायमा लगेर फसाएको आरोप पदाधिकारीको छ ।

नवलपुरको छिपछिपे सहकारी ठगी प्रकरणमा राप्रपा सांसद गीता बस्नेतलाई पक्राउ पुर्जी जारी भएको छ । छिपछिपे सहकारीको रकम हिनामिना पार्ने काम गरेको भन्दै उजुरीका आधारमा प्रहरीले पक्राउ गर्न लागेको हो ।

राप्रपा सांसद बस्नेतसहित केही जनालाई पक्राउ पुर्जी जारी गरिएको प्रहरी स्रोतले जनाएको छ । संघीय संसद् सचिवालयको अनुमति लिएर पक्राउ गर्नुपर्ने भएकाले प्रक्रियामा गएको प्रहरीको भनाइ छ ।

राप्रपा सांसद बस्नेतको संलग्नतामा नवलपुरसहित बुटवल र बर्दियामासमेत गरी सहकारीको रकम ठगी भएको आरोप छ । प्रहरीले बस्नेतमाथि संगठित अपराधमा पनि अनुसन्धान गरिरहेको छ। उनी हाल फरार छन्।

एमाले बागमती प्रदेश सांसद ज्ञानबहादुर तामाङ पनि सहकारीको रकम अपचलनमा मुछिएका छन् । काठमाडौंको सामाखुसीस्थित नेसनल नमोबुद्ध सहकारीका तत्कालीन अध्यक्ष तामाङसहितका पदाधिकारीका कारण ११ हजार बचतकर्ताको करिब २ अर्ब रुपैयाँ जोखिममा परेको छ। बिचल्लीमा परेका बचतकर्ताका छुट्टाछुट्टै समूहले प्रदेश सहकारी रजिस्ट्रार कार्यालयमा उजुरी दिए पनि कुनै सुनुवाइ भएको छैन ।

सहकारी बचत रकम अपचलनमा हालसम्म २४ हजार २२४ बचतकर्ताले प्रहरीमा उजुरी दिएका छन् । ती उजुरीका आधारमा प्रहरीले अहिलेसम्म ६०० जनाभन्दा बढीलाई अनुसन्धानका लागि पक्राउ गरेको छ ।

नेपाल प्रहरीको तथ्यांकअनुसार पछिल्लो २ वर्षमा ३४६ जना पक्राउ परेका छन् ।

### मन्त्री-सांसद...

ऊर्जा राज्यमन्त्रीको जिम्मेवारीमा रहेको उल्लेख गर्दै उनले थपे, 'कानुनभन्दा ठूलो केही हुँदैन । कानुनले ठहऱ्यो भने म एक मिनेटमै मन्त्री छाडेर आफ्नो पेसा, व्यवसायमा, परिवारमा फर्किएर काम गर्न तयार छु ।'

कान्छाराम कन्स्ट्रक्सन कम्पनी २०४४ सालमा दर्ता गरेको कम्पनी भएको र आफूले सांसद पदमा उठ्ने तयारी गरेसँगै उक्त कम्पनीबाट अलग भएको दोहोऱ्याउँदै उनले गलत गरेको पुष्टि गर्न चुनौती दिए। उनको त्यो चुनौती अरू कसैलाई नभएर आफ्नै पार्टीका महामन्त्री शर्मालाई छ ।

उसोत, कांग्रेसका अन्य सांसद र मन्त्रीहरू समेत सार्वजनिक रूपमै आरोप प्रत्यारोपमा देखिन्छन् । गत ३० कात्तिकमा राज्य व्यवस्था समितिमै कांग्रेस सांसद हृदयराम थानी गृहमन्त्री रमेश लेखकप्रति आक्रामक रूपमा प्रस्तुत भएका थिए ।

उनले प्रश्न गरे, 'काम गर्ने अवसर सधैं नआउन सक्छ । अवसर पाएको बेला निष्पक्ष काम गर्नुपर्छ, यहाँले गर्नुभएकै होला । तर, ओली जोडिएका गिरी बन्धु टी-स्टेट जग्गा घोटला काण्डको अनुसन्धान कहाँ पुग्यो ? यती र ओम्नी प्रकरणको छानबिन अहिले कुन अवस्थामा छ ? यी ठूला भ्रष्टाचार र हिनामिना प्रकरणमा सरकारले छानबिन गर्ने हो कि होइन ?'

प्रतिपक्षमा हुँदा कांग्रेसले नै गिरी बन्धु टी-स्टेट प्रकरण संसद्मा प्रवेश गराएको थियो। सत्तामा पुगेपछि आफ्नै पार्टीका सांसदले गृहमन्त्रीलाई प्रतिपक्ष शैलीमा उक्त प्रश्न गरे । गृहमन्त्रीले कुनै जबाफ दिएनन् ।

कांग्रेस मन्त्री र सांसदबीचको घोचपेच र आरोप प्रत्यारोप संसदीय समितिमा मात्र सीमित छैन। कांग्रेस सहमहामन्त्रीसमेत रहेका पर्यटनमन्त्री बद्री पाण्डेमाथि कांग्रेसकै सांसद राजेन्द्र बजगाईं सार्वजनिक रूपमा गम्भीर आरोप लगाउँदै हिँडेका छन् ।

सांसद बजगाईंले पर्यटनमन्त्री पाण्डेमाथि घूस लिएर रुपन्देही तिलोत्तमास्थित रोयल टाइगर रिक्रियसनलाई क्यासिनो संचालनको लाइसेन्स दिएको आरोप लगाएका छन् । त्यसपछि मन्त्री पाण्डे र सांसद बजगाईंबीच सार्वजनिक रूपमै आरोप प्रत्यारोपमै चलिरहेको छ। २७ कात्तिकमा सार्वजनिक रूपमै मन्त्री पाण्डेले प्रतिवाद गरे, 'करोड होइन, कौडी खाएको पुष्टि गरे राजनीतिक जीवन छाडिदिन्छु।' मन्त्री पाण्डेले पार्टीका सांसद बजगाईंलाई प्रतिवादमा गम्भीर आरोप लगाए, 'निष्ठापूर्वक काम गरिरहँदा केही स्वार्थ समूहका मतियारले मलाई मान मर्दन गर्ने, मेरो मनोबल, आत्मबल गिराउनेगरी काम गरिरहेका छन् ।'

पाण्डे र बजगाईंबीचको आरोप प्रत्यारोप कांग्रेसमा उजुरीका रूपमा दर्ज भएको छ । पाण्डेको सचिवालयले पार्टीमा बजगाईंविरुद्ध उजुरी नै दिएका छन् । आफूमाथि आफ्नै पार्टीका सांसदले आरोप लगाएपछि पाण्डेले पार्टीमा उजुरी दिएका हुन् ।

सरकारमार्फत जनताको एजेन्डा सम्बोधन गर्ने जिम्मेवारीमा छन् प्रमुख सत्ता घटक नेपाली कांग्रेसका नेताहरू । तर, यसरी कैयन नेता, सांसद र मन्त्रीहरू आन्तरिक किचलोमा रुमल्लिरहेका देखिन्छन् । आन्तरिक किचलो पन्छाएर काम गर्नुपर्ने आवाज पार्टीभित्रै समेत उठेको छ । नेताहरूका अनुसार पार्टीमा आन्तरिक किचलो बढेको विषयमा कांग्रेसका शीर्ष नेताहरू अनौपचारिक संवादमा समेत छन् ।

### सुन...

शनिबार सुरु भएर सोमबार सम्पन्न बैठकपछि सशस्त्र प्रहरी महानिरीक्षक अर्याल र एसएसबीका महानिर्देशक अमृतमोहनले सुन तस्करी नियन्त्रणसहितका विभिन्न ११ वटा साझा एजेन्डामा संयुक्त हस्ताक्षर गरेका हुन् ।

बैठकमा सहभागी गृह मन्त्रालयका सहसचिव ऋषिराम तिवारीले बैठकले सीमा अपराध नियन्त्रण, सूचना आदानप्रदान, राजस्व चुहावट नियन्त्रण, लागुऔषध तस्करी र तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश नियन्त्रणलगायतका विषयमा थप प्रभावकारी कदम चाल्ने निष्कर्ष निकालेको जानकारी दिए।

उनले भनेका छन्, 'सुन तस्करी र राजस्व चुहावट नियन्त्रण, तेस्रो मुलुकका नागरिकको अवैध प्रवेश रोक्ने, सीमा सुरक्षालाई अझै व्यवस्थित बनाउने, दशगजा क्षेत्रलाई अतिक्रिमणमुक्त पार्ने समझदारी भएको छ ।'

सहसचिव तिवारीका अनुसार नेपालको सीमा सुरक्षाको जिम्मा पाएको सशस्त्र प्रहरी र भारतको एसएसबीबीचको बैठकले सीमा सुरक्षालाई अझै व्यवस्थित बनाउने, दशगजा क्षेत्रलाई अतिक्रमणमुक्त पार्ने, मानव बेचबिखन, सुन तस्करी नियन्त्रणमा संयुक्त पहल गर्ने विषयमा संयुक्त हस्ताक्षर भएको हो ।

नेपाल र भारतबीचको सीमा सुरक्षा समन्वय बैठक हरेक वर्ष पालैपालो नेपाल र भारतमा हुँदै आएको छ। अब भने हरेक ६/६ महिनामा पालैपालो बैठक बस्ने निर्णय भएको छ। सीमा सुरक्षा अधिकारी र जिल्ला जिल्लाका अधिकारीको बैठक नियमित रूपमा बस्ने विषयमा पनि दुवै देश सहमत भएका छन् ।

### जापानपछि...

लगाएको छ । सन् २०२२ को सुरुमा रुस-युक्रेनमा युद्ध सुरु भएदेखि नै आप्रवासीको ठूलो लहर जर्मनीमा पुगेको छ तर पनि दक्ष कामदारको अभाव नटरेको बताइएको छ ।

यता, सन् २०३५ सम्म जापानमा १ करोड विदेशी कामदार आवश्यक पर्ने यसअघि नै सार्वजनिक भएको छ । हाल जापानमा कामदार पठाएका पूर्वी एसियाली मुलुकहरूमध्ये भियतनाम, थाइल्यान्ड र इन्डोनेसियाका कामदारले काम गरिरहेका छन् । तर, तीव्र आर्थिक विकास भई आफ्नो देशमा नै रोजगारीका अवसर सिर्जना भएकाले ती मुलुकबाट कामदार जाने क्रम घटेको छ। त्यसको लाभ पनि नेपाली कामदारले पाउने संभावना रहेको स्वयं श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले बताएका छन् । तर, समयमै नेपाली कामदार सहज रूपमा आकर्षक गन्तव्यमा पठाउने भरपर्दो पहल नहुँदा 'लंकामा सुन छ, कान मेरो बुच्चै' भन्ने पुरानो नेपाली उखान चरितार्थ भएको धेरैको भनाइ छ ।

नेपाली कामदारको आकर्षक गन्तव्य मलेसिया अनिश्चित बनेका बेला जर्मनी तथा जापानमा देखिएको अवसर भरपर्दो विकल्पसमेत बन्ने धेरैको बुझाइ छ ।

### रोमानिया...

उनलाई ललितपुर महालक्ष्मी नगरपालिका- ५ बाट आइतबार पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

# कालीकोटमा बन्यो सुविधा सम्पन्न अस्पताल



**कमल कुमाल/मध्यान्ह**
कालीकोट, ३ मंसिर

सुविधा सम्पन्न भवन बनेपछि जिल्ला अस्पताल कालीकोट टहरामुक्त बनेको छ । लामो समयदेखि स-साना टिनको टहराबाट सेवा दिँदै आइरहेको अस्पतालमा सुविधा सम्पन्न भवन बने पछि टहरामुक्त बनेको हो ।

स्थापनाकालदेखि नै साँघुरो र टिनको टहरामा सेवा प्रवाह गरिरहेको अस्पतालको भवनको कर्णाली प्रदेशका मुख्यमन्त्री यमलाल कँडेलले सोमवार उद्घाटन गरेका हुन् ।

अस्पतालले सुविधायुक्त भवन मात्र होइन, औषधीदेखि लिएर चिकित्सकसमेतको अभाव झेल्दै आइरहेको थियो । अब सुविधा सम्पन्न भवन बनेपछि सेवा प्रवाहमा पनि सुधार आउने छ ।

'भवन अभावमा अस्पताललले बिरामीलाई गुणस्तरीय सेवा दिन सकेको थिएन । तर नयाँ भवनबाट सेवा दिन थालेपछि बिरामी तथा चिकित्सकहरूलाई पनि सहज भएको छ', जिल्ला स्वास्थ्य प्रमुख डा.भिष्म पोखरेलले बताए ।

करिब २६ करोड रुपैयाँको लागतमा ५० शैयाको भवन निर्माण भएको हो । नयाँ भवन बनेपछि विषेशज्ञ चिकित्सकको पूर्ती गरिनुका साथै एम्बुलेन्स, रक्त बैंक र अन्य उपकरण उपलब्ध गराइने प्रमुख पोखरेलले बताए ।

भवन उद्घाटन गर्दै मुख्यमन्त्री कँडेलले आवश्यक उपकरण र विषेशज्ञ चिकित्सको व्यवस्था गर्ने बताए ।

# 'मनलाई जिते जित' लोकार्पण



**काठमाडौं/मस–** काठमाडौंको कमलपोखरीस्थित जैन भवनको आचार्य महाश्रमण सभाकक्षामा एक विशेष समारोहकाबीच 'मनलाई जिते जित' पुस्तकको लोकार्पण सम्पन्न भएको छ ।

ग्रन्थकार आचार्य महाप्रज्ञको धर्म परम्पराका सन्त तथा प्रेक्षा ध्यान साधक मुनि रमेश कुमार जी, पुस्तकका प्रकाशक शेखर गोल्छा, गोल्छा परिवारका जेष्ठ व्यक्तित्व तथा भगवान महावीर जैन निकेतनका अध्यक्ष : लोकमान्य गोल्छा, बागमती प्रदेशका सामाजिक मामिला मन्त्री हरिप्रभा खड्गी, जोन्टा क्वलकी पूर्व अध्यक्ष सीमा गोल्छा, जितो नेपालका अध्यक्ष कमल कुमार बेगानी, जैन श्वेताम्बर तेरापन्थ सभाका अध्यक्ष शुभागमल जम्मड, नेपालस्तरीय जैन श्वेताम्बर तेरापन्थ सभाका अध्यक्ष दिनेशकुमार नौलखा, जैन श्वेताम्बर तेरापन्थी महिला मण्डलका अध्यक्ष निशा जैन, तेरापन्थ युवक परिषद्का अध्यक्ष सन्दीप भटेरा, नेपाल जैन परिषद्का अध्यक्ष बिमल राखेचा, आदिनाथ दिगम्बर जैन श्वेताम्बर मूर्तिपूजक समाजका अध्यक्ष सुभाष जैन समेतले संयुक्त रुपमा पुस्तकको लोकापर्ण गरेका थिए ।

लोकार्पण समारोहलाई स्वागत मन्तव्य राख्दै'मनलाई जिते जित' पुस्तकका प्रकाशक गोल्छाले भने, 'मनलाई जिते जित' एक आध्यात्मिक ग्रन्थ हो । यस ग्रन्थका प्रवचनकार अध्यात्म दर्शनका विशिष्ट विद्वान, महान दार्शनिक, ध्यानयोगी, लेखक र विचारक तेरापन्थ धर्म संघका महान आचार्य थिए ।'

'मनलाई जिते जित'मा आचार्य श्रीद्वारा ध्यान शिविरमा सहभागी साधक साधिकाहरूको लागि दिइएका प्रवचनहरु समावेश छन् । महाप्राज्ञजीले आफ्नो जीवन यात्रामा सयौं यस्ता अध्यात्म ग्रन्थहरूको निर्माण गरेका छन्, जुन कुनै धर्म विशेषका व्यक्तिहरूको लागि नभइ सार्वभौम छन् । प्रत्येक विचारशील व्यक्तिका लागि सुपाच्य, सरल र सजिलो भाषामा प्रचुर मात्रामा यस्तो पठनीय सामग्रीको प्रस्तुति यी पुस्तकहरूमा गरेका छन् ।

'मनलाई जिते जित' उनका पुस्तक श्रृंखलामध्येको अग्रज ग्रन्थ हो । उनका अद्भूत प्रवचनहरूको संगालोको रूपमा यी पुस्तकहरूको सम्पादन सुविज्ञ मुनिहरूद्वारा गरिएको हो । हिन्दी भाषा लगायतमा भाषामा यो ग्रन्थको २०औं संस्करण प्रकाशित भइसकेका छन् ।

गोल्छाले भने, 'यस ग्रन्थका नेपाली भाषाका सम्पादक मेरा पूज्य बुबा शासनसेवी, समाजरत्न हुलासचन्द गोल्छा हुनुहुन्थो । उहाँ देव गुरू, धर्म संघ, धर्म आचार्य, साधु साध्वी अत्यन्त श्रध्दानिष्ठ तथा समर्पित हुनुहुन्थ्यो । यति मात्र हैन उहाँ दैनिक सामायिक र प्रेक्षा ध्यानको साधक पनि हुनुहन्थ्यो ।'

साथै मुनि रमेश कुमार जीले 'मनलाई जिते जित' लोकार्पणको कार्यक्रममा बोल्दै भने,'मनलाई जिते जित' का लेखक आचार्य महाप्रज्ञजी जैन श्वेताम्बर तेरापन्थ धर्मका दशौं आचार्य थिए । आचार्य महाप्रज्ञ जी एक संत, योगी, अध्यात्मवादी, दार्शनिक, लेखक, वक्ता र कवि थिए। प्रेक्षाध्यान विधिका प्रवर्तक आचार्य महाप्रज्ञ अति बुद्धिमान आचार्य थिए। आचार्य महाप्रज्ञले प्रेक्षाध्यानको रूपमा ध्यानको एक अद्वितीय वैज्ञानिक विधिको विकास गरिएको विशद् व्याख्या यसमा छ । यस ध्यान विधिबाट सयौं मानिसले मानसिक विकारहरू हटाएर आध्यात्मिक ऊर्जा र शान्ति प्राप्त गरेका छन् ।'

'मनलाई जिते जित' पुस्तकको सम्बन्धमा मुनि रमेश कुमार जीले भने, 'मन जित्न धेरै सजिलो छ, तर जति सजिलो छ, त्यति नै गाह्रो छ । यो सजिलो छ किनभने मन हाम्रो भित्री चेतनाको नम्र र आज्ञाकारी कार्यकर्ता हो । यसलाई जित्न गाह्रो हुन्छ जब हामीले यसलाई परम चेतनाको रूपमा स्वीकार गर्छौं । यसमा मनको कुनै दोष छैन । यो हाम्रो आफ्नै अज्ञानताको परिणाम हो। हामीले मनलाई जित्ने अभियान सुरु गर्नु अघि हाम्रो अज्ञानताको अन्धकारलाई हटाएर भ्रमको पर्दा हटाउनुपर्छ ।'

उक्त पुस्तक लोकार्पण समारोहको सञ्चालन डा. नमन उपाध्यायले गरेका थिए । साथै उक्त समारोहमा जैन श्वेताम्बर तेरापन्थ सभाका अध्यक्ष शुभागमल जम्मड तथा जैन श्वेताम्बर तेरापन्थ सभाका सल्लाहकार रणजित सिंह भन्सालीले मन्तव्य राखेका थिए ।

# ओबीजीआईको शाखा केएल टावरमा

**काठमाडौं/मस–** जापानमा मुख्य कार्यालय रहेको ओबीजीआई कन्सल्टेन्सीले काठमाडौंमा आफ्नो सेवा विस्तार गरेको छ । जापानमा अध्ययन गर्न जान चाहने विद्यार्थी र कामका लागि दक्षिण कोरिया जान चाहने नेपालीहरुलाई लक्षित गर्दै ओबीजीआईले काठमाडौंको चाबहिलस्थित केएल टावरबाट सेवा शुरू गरेको हो ।



पूर्व संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्री गणेशकुमार पहाडीले ओबिजीआईको कार्यालयको सुरुवात गरेका हुन । ओबीजीआई एजुकेसन कन्सलटेन्सीले नेपालमा भाषा कक्षाको संचालन गरी जापान जान चाहने विद्यार्थीहरूको लागि अनुभवी प्रशिक्षकहरूबाट अध्ययन गराउने गरेको छ ।

यस्तै कोरिया जान चाहने नेपालीहरूका लागि समेत स्तरीय भाषा कक्षा प्रदान गरेर कामका लागि दक्ष बनाउने बताएको छ । ओबीजीआईकी प्रवन्ध निर्देशक मनिषा मैनालीले ओबीजीआईको अनुभवी टिममार्फत् आधुनिक किसिमको तालिम समेत प्रदान गरिने भएकाले आफ्नो सेवा फरक रहने जानकारी दिइन। उनले जापान र कोरिया सम्बन्धी प्रशिक्षण दिएर जापान र कोरिया जान सहज हुने गरी सेवा दिइने बताइन् । आफ्नो कन्सल्टेन्सीमार्फत् जापान जान चाहने विद्यार्थी र अभिभावकबिच पनि अन्तर्क्रिया गर्ने र अभिभावकलाई समेत ढुक्क बन्ने वातावरण बनाइने उनले जानकारी दिइन् । उनका अनुसार ओबीजीआईले विद्यार्थीरूकै चाहना अनुसार जीरो लेभलबाट जापान र कोरिया सम्बन्धी प्रशिक्षण तथा नेपालमा गर्नुपर्ने तयारी तथा जापान पुगेर गर्नुपर्ने आधारभूत आवश्यक तयारीका बारे जानकारी समेत पाउन सकिन्छ ।

यसैगरी अहिलेसम्म जापान पुगेका विद्यार्थीहरूको समस्यालाई मध्यनजर गरी जापानमा पनि वर्किङ भिषासम्मको सहयोग गर्ने तथा जापान बसाईलाई सहज बनाउने काम ओबीजीआई एजुकेसन कन्सलटेन्सी गर्ने सन्चालक तथा ओबीजीआई ग्रुपका अध्यक्ष सुरेश घिमिरेले जानकारी दिए। विगत लामो समयदेखि जापानमा नै व्यवसाय गर्दै आएका घिमिरेले जापानमा ओबीजीआईसँगै होटल व्यवसाय तथा मोबाईल व्यवसायसमेत सन्चालन गर्दै आएका छन् ।

## सार्वजनिक स्थानका संरचना नहटाए डोजर चलाउने चेतावनी



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, ३ मंसिर

अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले नगरपालिका बजार क्षेत्रमा सडक विस्तारको कामलाई तीव्र पारेसँगै बजार क्षेत्रमा रहेका सहायक मार्गहरुको मापदण्ड ११ मिटर कायम गरी सडक विस्तार शुरु गरेको छ। सन्धिखर्क नगरपालिका क्षेत्राधिकारभित्र पर्ने संरचना हटाउन समेत नगरपालिकाले आग्रह गरेको छ। सन्धिखर्क नगरपालिकाभित्र बजारमा सडक साँघुरो हुँदा ट्राफिक व्यवस्थापनको साथै व्यापारीहरुलाई समेत मर्का परेपछि नयाँ सडक विस्तारको काम अगाडि बढाएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए। नगरपालिकाले सन्धिखर्क मिडिया चोक तल्लो गुन्टिखोला हुँदै चुत्राबेस जोड्ने पुल साथि होटलसम्मको सडक ११ मिटर कायम गरी त्यहाँ रहेका सडकको मापदण्डमा पर्ने संरचनाहरु हटाउन ७ दिनको समय दिएर आग्रह गरेको नगरप्रमुख श्रेष्ठको भनाइ छ।

सडक स्तरोन्नती योजना अन्तर्गत सन्धिखर्क नगरपालिकाको वडा नम्बर १ मिडिया चोकभन्दा तल तल्लो गुन्टिखोला हुँदै साथी होटल तथा बजारका साघुँरा सडकहरु स्थानीय सरकारको क्षेत्राधिकारभित्र सेन्टर लाइनबाट ५.५ मिटरमा पर्ने सडकको क्षेत्राधिकारभित्र पर्ने घर, टहरा, गोठ लगायतका संरचना सात दिनभित्र हटाउन अनुरोध गरेको सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खिमानन्द भुसाले बताए।

सात दिनभित्र नहटाए नियमानुसार भइ जाने सूचना टोल सुधार समितिमार्फत दिएको छ। स्वयंमले नहटाए नगरपालिकाले हटाउनुपर्ने भएमा लाग्ने खर्च स्वयम् जग्गा धनिले नै व्यहोर्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत भुसालले बताए। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को खण्ड (क) ले सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने कर्तव्य स्थानीय तहलाई तोकिएकोले नगरपालिकाको कार्यालय सार्वजनिक तथा सामुदायिक सम्पत्ति बनाइएको संरचना हटाउन समेत आग्रह गरेको नगरप्रमुख श्रेष्ठको दाबी छ।

नगर क्षेत्रमा सार्वजनिक सम्पत्ति अतिक्रमण गरेर संरचनाहरु बनाइएको भए त्यस्ता संरचनाहरु हटाउन नगरपालिकाको कार्यालयले अल्टिमेटम दिएको हो।

'सार्वजनिक सम्पत्ति अतिक्रमण गरेर बनाइएका संरचनाहरु आफैँ हटाउनका लागि हामीले भनेका छौं' श्रेष्ठले भने, 'यदि समयावधीभित्र संरचना हटाइएन भने नगरपालिकाको कार्यालयले कानून बमोजिम कारबाही प्रक्रिया अघि बढाउँछ।'

कार्यालय कानून बमोजिम कारबाही प्रक्रिया अघि बढाउँदा हानी नोक्सानी बापतको क्षतिपूर्ति समेत सम्बिन्धित पक्षलाई कानून बमोजिम भराइने उनले बताए।

नगरपालिकाले यसअघि सन्धिखर्कका व्यापार गर्ने व्यापारीलाई समेत आफ्नो पेटि बाहिर सामान नराख्न निर्देशन दिँदै आएको थियो।

सार्वजनिक सम्पत्ति अतिक्रमण गरी बनाइएको वा बनाउँदै गरेको देखिएमा नगरपालिको कार्यालयलाई जानकारी गराउन समेत कार्यालयले आग्रह गरेको छ। यसैको छलफलका लागि नगरपालिकाले सन्धिखर्क नगरपालिका गुन्टेखोला निवासी स्थानीय टोल सुधार समितिका पदाधिकारी घरधनी सरोकारवाला वडाका जनप्रतिनिधिलाई नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठको कार्यकक्षमा छलफलका लागि बोलाएर छलफल गरेको नगरपालिकाका उपप्रमुख मिश्रा आचार्यले जानकारी दिइन्। छलफलमा नेपाली कांग्रेस अर्घाखाँचीका सभापति केशव श्रेष्ठ, सन्धिखर्क नगरपालिका वडा नम्बर १ का अध्यक्ष माधव श्रेष्ठ, जनप्रतिनिधि बाबुराम पन्थी लगायत सरोकारवालाको उपस्थिति रहेको थियो।

## कृष्णानगरमा दुर्गा मन्दिरको शिलान्यास



**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ३ मंसिर

कपिलवस्तुको कृष्णनगरस्थित ईलाका प्रहरी कार्यालयको प्राङ्गणमा दुर्गा मन्दिरको शिलान्यास गरिएको छ। ईलाका प्रहरी कार्यालयका प्रमुख प्रहरी निरीक्षक सुरज खत्री र कृष्णनगर नगरपालिका वडा नं. २ का वडाध्यक्ष कृष्ण कुमार गुप्ताले विधिवत पूजा पाठ गरी शिलान्यास गरेका हुन्।

प्रहरी कार्यालयमा दुर्गा मन्दिर नहुँदा कार्यालयका कर्मचारी र स्थानीयबासीले आवश्यकताको महसुस गरेपछि वडा कार्यालयको आर्थिक सहयोगमा मन्दिर निर्माण थालिएको ईलाका प्रहरी प्रमुख खत्रीले जानकारी दिए।

वडाध्यक्ष कृष्ण कुमार गुप्ताका अनुसार दुर्गा मन्दिर निर्माणका लागि वडाको बजेटबाट २ लाख ५० हजार रुपैयाँ छुट्याइएको छ भने थप लाग्ने खर्च पनि वडाबाटै व्यवस्थापन गरिनेछ।

शिलान्यास कार्यक्रममा उद्योग वाणिज्य संघ कृष्णनगरका अध्यक्ष राम कुमार गुप्ता, सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र न्यौपाने, वडा सदस्यहरू राहुल मोदनवाल, रेनु शर्मा, तिर्था धरिकार, प्रहरी बरिष्ठ नायब निरीक्षक निलकण्ठ ढकाल, सेन्टजूड्स बोर्डिङ स्कुलका प्रधानाध्यापक धिरेन्द्र सिंह, समाजसेवी भोला जयसवाल, राकेश जयसवाल, गौरव मणी त्रिपाठीलगायतको उपस्थिति रहेको थियो।

दुर्गा मन्दिर निर्माणले धार्मिक आस्थाको प्रवर्द्धनसँगै स्थानीय समुदाय र प्रहरी कार्यालयबीचको समन्वयलाई थप मजबुत बनाउने विश्वास व्यक्त गरिएको छ।

### सार्वजनिक जग्गा संरक्षणमा टोखाको सक्रियता

# अतिक्रमित जग्गाहरू खालि गराएर सडक र पार्क बनाइने

**सुशान्त न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३ मंसिर



टोखा नगरपालिका वडा नम्बर ९ को नयाँ बसपार्कसँग जोडिएको विष्णुमती करिडोर क्षेत्रमा भएका टहरा हटाएर नगरपालिकाले सुविधा सम्पन्न पार्क निर्माण गर्ने भएको छ। वर्षौंदेखि व्यापारी र केही व्यक्तिले हडपेका खोला किनारका सार्वजनिक जग्गाको संरक्षण गर्न तत्काल पार्क निर्माण गरिने नगरपालिकाले जनाएको छ।

सो पार्कको नगरपालिकाले डिपिआर समेत तयार गरिसकेको छ। हरियाली पार्कभित्र सार्वजनिक शौचालय, बाल उद्यान, खुला व्यायामशाला र मन्दिर रहनेछन्। बसपार्क प्रवेशद्वारमा आगामी वर्ष नगरपालिकाले गेटसमेत निर्माण गर्ने लक्ष्य लिएको छ।

विष्णुमती करिडोर क्षेत्रका जग्गाहरु खाली गराउन अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, काठमाडौं उपत्यका विकास प्राधिकरण र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले टोखा नगरपालिकालाई पटक-पटक पत्राचार समेत गरेको थियो।

टोखा-९ को विष्णुमती खोला करिडोरका घर, टहराहरुलाई नगरपालिकाले खाली गराउन सुरु गरेपछि अहिले टोखावासी खुसी भएका छन्। अन्य ठाउँमा पनि व्यक्तिले हडपेका जग्गाहरु नगरपालिकाले संरक्षण गर्ने अभियान सुरु गरेको छ। मंगलबार बिहान टोखाका ४ वटा वडामा एकै पटक घर/टहरा हटाउने अभियान सुरु गर्न लागिएको नगरपालिकाले जानकारी दिएको छ।

टोखा नगरपालिका वडा नम्बर ९ को विष्णुमती करिडोरको घर/टहरा हटाउन अन्तिम पटक सूचना जारी गरेको ७ दिन अगावै व्यापारीहरूले घर/टहरा धमाधम खाली गरिरहेका छन्। एक व्यापारीले मध्यान्हसँगको कुराकानीमा भने, 'टोखा नगरपालिकाको सुन्दर नगर बनाउने अभियानमा हाम्रो साथ रहन्छ। जग्गा खाली भएर फोहोर फ्याँक्ने ठाउँ भएकाले सफा गरी पसल राखेका थियौं। अब नगरपालिकाको डोजर आएर भत्काउनु भन्दा अगावै हामीले खाली गरिदिएका छौं।' दिपज्योती क्षेत्रमा भएका घरहरु पनि धमाधम भत्काउने कार्य भइरहेको छ।

टोखा नगरपालिकामा दोस्रोपटक नगर प्रमुखमा निर्वाचित भएपछि प्रकाश अधिकारीले सार्वजनिक जग्गाहरु संरक्षणमा जोड दिएका छन्। गत वर्ष प्रमुख प्रशासकीय अधिकृत शेरबहादुर बिसी आइसकेपछि सो कार्यलाई तदारुकताका साथ अगाडि बढाइएको छ। टोखाले फुटपाथ सडक निर्माणमा पनि जोड दिएको छ। टोखाले सफा र सुन्दर नगर बनाउन प्रत्येक हप्ताको शनिबार खोला र सडक सफाइमा निरन्तरता दिँदै आएको छ।

## छत्रदेव गाउँपालिकाद्वारा बजार अनुगमनलाई तीव्रता



**मध्यान्ह संवाददाता**
अर्घाखाँची, ३ मंसिर

अर्घाखाँचीको छत्रदेव गाउँपालिकाले बजार अनुगमनलाई तीव्रता दिएको छ। गाउँपालिकाभित्रका बजार हरुमा बेथिति बढ्दै गएको गुनासो आएपछि पालिकाले बजार अनुगमनलाई तीव्रता दिएको हो।

आइतबार गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेको नेतृत्वमा गाउँपालिका वडा नम्बर ५ र ६ भित्रका होटल, गल्ला किराना, फेन्सी कपडा, फलफूल तथा तरकारी पसलहरु, मासु पसललगायतका पसलहरु अनुगमन गरिएको छ। अनुगमनको क्रममा केही पसलहरु दर्ता नगरी सञ्चालन गरिएको, पसलहरुमा म्याद गुज्रिएका खाद्य सामग्रीहरु राखिएको र मूल्यसूची नभएको भेटिएको थियो।

यसरी दर्ता नगरी सञ्चालन गरिएका व्यवसायीहरुलाई ७ दिनभित्र दर्ता गर्न आग्रह गरेको छ भने म्याद गुज्रिएका सामग्रीहरुलाई नस्ट गरिएको छ। दर्ता नगरी अबैध रुपमा राखिएको मदिरालाई नियन्त्रण लिइ स्थानीयहरुको रोहवरमा गाउँपालिकामा ल्याएर राखिएको छ। अनुगमन टोलीमा घरेलु तथा साना उद्योग कार्यालय अर्घाखाँचीका उद्योग अधिकृत दुर्गा न्यौपाने, जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीका लेखापाल ओम प्रकाश श्रेष्ठ, छत्रदेव गाउँपालिका घरेलु शाखा प्रमुख कृष्ण प्रसाद पन्थी, अर्घातोष प्रहरी चौकीका प्रमुख रामअचल यादव, उद्योग विकाश सहजकर्ता खडानन्द भुसाल, स्थानीय प्रतिनिधि, पत्रकार केशब पन्थी लगायतको सहभागी रहेको थियो।

## प्रविधिमैत्री शिक्षा आजको आवश्यकता : उपप्रमुख सिंह



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ३ मंसिर

प्रगशिल युवा समाज बझाङले जयपृथ्वी नगरपालिकामा नगरस्तरीय सिकाइ आदान-प्रदान कार्यक्रम जयपृथ्वी नगरपालिकाको सभाहलमा सम्पन्न गरेको छ। वर्ल्डभिजन इन्टरनेश्नल नेपाल, एडुटेक नेपालको आर्थिक सहयोग र प्रगतिशिल युवा समाजद्वारा संचालित विद्यालयमा प्रविधिमैत्री शिक्षा सिक्ने अवसर (टेलस) परियोजना अन्तर्गत सिकाई आदान-प्रदान कार्यक्रम गरिएको हो।

कार्यक्रममा विद्यालयमा सञ्चालन गरिएको टेलस परियोजना अन्तर्गत सूचना, सञ्चार तथा प्रविधि ल्याब (आइसिटी ल्याब) सञ्चालन भएपछि विद्यालयमा विद्यार्थीहरुको सिकाइमा आएको परिवर्तन तथा आइसिटी ल्याबको व्यवस्थापनबारे छलफल भएको छ। कार्यक्रममा विद्यालयमा सञ्चालन गरिएको सूचना, सञ्चार तथा प्रविधि ल्याब (आइसिटी ल्याब) सञ्चालनको उद्देश्य, उपलब्धी र चुनौतीको बारेमा जानकारी दिइएको छ।

वर्ल्डभिजन इन्टरनेशनल नेपालका टेलस परियोजना संयोजक जमुना श्रेष्ठले परियोजनाको समया अवधि कम भएपनि परियोजनाबाट लागुभएका कार्यक्रमहरु सफलतापूर्वक लागू भएको बताइन्। कार्यक्रममा संस्थाले विद्यालयमा आइसिटी ल्याब स्थापना गरिदिएकोमा धन्यवाद व्यक्त गर्दै ल्याब सम्बन्धी ज्ञान भएका दक्ष शिक्षकको विद्यालयमा व्यवस्था गर्नुपर्ने पाण्डु माध्यामिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर खड्काले बताए।

उनले भने,'स्थानीय सरकारले आइसिटी ल्याबलाई प्रभावकारी रूपमा सञ्चालन गर्न, शिक्षकको उचित व्यवस्थापन गर्नुपर्ने, विषयगत शिक्षकलाई तालिमको व्यवस्था गर्न जरुरी छ। ल्याब स्थापना गरिएका विद्यालयहरुमा स्मार्ट बोर्ड र प्रोजेक्टरको पनि व्यवस्था स्थानीय सरकारले वा संस्थाले गरिदिए राम्रो हुन्छ।'

कार्यक्रममा बोल्दै भवानी माध्यामिक विद्यालयका शिक्षक श्याम परियारले विद्यालयमा ल्याब स्थापना भएपछि विद्यार्थीको सिकाइमा रुची बढेको, विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव परेको बताए। बझाङका लागि ल्याब स्थापना कार्य नयाँ र महत्वपूर्ण भएकाले ल्याबबाट शैक्षिक क्रियाकलाप प्रभावकारी भएको सुनिपिपलचौर माध्यामिक विद्यालयका प्रधानाध्यापक विष्णुभक्त जोशीले बताए।

उनले विद्यालयलाई नविनतम प्रविधिसँग जोडेर सिकाइ आदान-प्रदान गर्ने अवसर दिएको भन्दै संस्थालाई धन्यवाद समेत दिए।

नेपाल पत्रकार महासंघ बझाङ शाखाका निवर्तमान अध्यक्ष जगदिश रोकायाले सिकाइलाई प्रविधिसँग जोड्ने कुरा महत्वपूर्ण भएकाले यसको दिगोपनामा ध्यान दिनुपर्ने बताए। विद्यालयमा स्थापना गरिएका कम्प्युटर ल्याबको संरक्षण र दिगोपनाका लागि नगरपालिकाले ध्यानदिनुपर्ने जिल्ला शिक्षा समन्वय इकाईका प्राविधिक सहायक बसन्तबहादुर सिंहले बताए।

जयपृथ्वी नगरपालिका शिक्षा शाखा प्रमुख निरज प्रसाद रेग्मीले विद्यालयमा प्रविधिमैत्री शिक्षाको विकास गराउने लक्ष्य सरकारले लिएकाले सोही अनुरुप स्थानिय सरकारको कामलाई पनि संस्थाले सहयोग पुगाएको बताए।

कार्यक्रममा ल्याबको संरक्षण र दिगोपनाका लागि स्थानीय सरकारले पनि चिन्ता र चासो लिएको जयपृथ्वी नगरपालिका-८ का वडाध्यक्ष लोकेन्द्र बोहराले बताए। जयपृथ्वी नगरपालिका उप-प्रमुख रतनबहादुर सिंहले प्रविधिमैत्री शिक्षा आजको आवश्यकता भएको बताए। शिक्षामा नयाँ प्रविधिको विकास भएकाले सोही अनुरूप नगरपालिकाका ८ वटा विद्यालयमा कार्यक्रम सुरू गरेर संस्थाले प्रभावकारी काम गरेको बताए।

पहिलेको भन्दा अहिलेको पाठ्यक्रम केही फरक भएकाले शिक्षकहरुले पनि यस्ता विषयमा अपडेट हुनुपर्ने प्रगतिशिले युवा समाजका अध्यक्ष रमेश केसीले बताए। साथै अध्यक्ष केसीले ल्याबको दिगोपनामा चिन्ता र चासो व्यक्त गर्न सरोकारवालाहरुलाई आग्रह गरे। कार्यक्रममा नारायण माध्यामिक विद्यालय, बालविकास माध्यामिक विद्यालय, पाण्डु माध्यामिक विद्यालय, निलकट्टी माध्यामिक विद्यालय, सुनिपिपलचौर माध्यामिक विद्यालय, भवानी माध्यामिक विद्यालय, शिशु आधार भूत विद्यालय र सुर्मा आधारभूत विद्यालय गरी नगरपालिकाका ८ वटा विद्यालयका प्रधानाध्यापक, आइसिटी शिक्षक र पत्रकारको सहभागिता रहेको थियो।

कार्यक्रममा प्रगतिशिल युवा समाजका टेलस परियोजना अधिकृत पाण्डव पुजाराले कम्प्युटर ल्यावको लागि स्थानीय सरकारबाट अपेक्षा गरेका सहयोग, सहकार्य, दिगोपना, चुनौती लगायतका विषयमा जानकारी दिएका थिए। परियोजना लागुभएका आठ विद्यालयका ३ हजार ४ सय १७ जना विद्यार्थी लाभान्वित भएका छन्।

## बर्दिया राष्ट्रिय निकुञ्ज मुख्यालय घेराउ

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २ मंसिर





जंगली हात्तीबाट हुने आफ्नो धनजनको क्षति बचाइदिन अनुरोध गर्दै बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रका बासिन्दाहरूले निकुञ्ज मुख्यालय घेराउ गरेका छन्। जंगली हात्तीबाट पीडित मधुवन नगरपालिका वडा नं.१ कैलासी, लालझाडी गाउँ र ठाकुरबाबा नगरपालिका वडा नं. ९ हात्तीसार, शिवपुर, बानुगाउँ, बद्रहवा लगायतका गाउँका बासिन्दाहरूले सोमबार निकुञ्ज मुख्यालय घेराउ गरेका हुन्।

गएको एक हप्तामा मधुवन वडा नं. १ र ठाकुरबाबा वडा नं. ९ मा गरी १५ घर जंगली हात्तीले भत्काएपछि स्थानीयहरु निकुञ्ज प्रशासनको ध्यानाकर्षण गराउन निकुञ्ज मुख्यालय घेराउ गर्न पुगेको स्थानीयले बताए।

घेराउ पश्चात मधुवन नगरपालिका वडा नं. १ का वडा अध्यक्ष मिन थापा र ठाकुरबाबा नगरपालिका वडा नं. ९ का वडा अध्यक्ष राधा चौधरीको संयुक्त अध्यक्षतामा पीडितका प्रतिनिधि, निकुञ्ज प्रशासन, दुबै पालिकाका मध्यवर्ती क्षेत्रका उपभोक्ता समितिका अध्यक्ष तथा प्रतिनिधि, निकुञ्ज सुरक्षार्थ खटिएको नेपाली सेना जवर जंग गणका सेनानी, एनटिएनसी प्रमुख लगायतको संयुक्त बैठकबाट मानव हात्ती द्वन्द्व व्यवस्थापन गर्नका लागि सहमति जुटाइएको थियो। बैठकमा विद्युतीय तारबारको सुधार तथा मर्मत गर्नुपर्ने, जंगली जनावर हात्तीले भत्काएका धर गोठ निर्माणका लागि आवश्यक काठपात नजिकैको सामुदायिक वनबाट उपलब्ध गराउने, हात्तीले आतंक मच्चाइ रहेको वडाहरूका गाउँ वस्तीमा सम्बन्धित वडा कार्यालयले हात्ती धपाउन ट्याक्टर तथा जेसीबी उपलब्ध गराउने, हात्ती धपाउन प्रयोग हुने टर्चलाइट, मट्टीतेल लगायतका सामग्रीहरू एनटिएनसीले उपलब्ध गराउने, हात्ती धपाउनको लागि हात्तीसार र कैलासीमा रेपिड रेस्पोन्स टिम खटाउने लगायतको सहमति जुटेको मधुवन नगरपालिका वडा नं. १ का वडाध्यक्ष मीन थापाले बताए।

## प्रजातान्त्रिक आन्दोलनका शहीदहरूको सम्झना

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, ३ मंसिर

प्रजातान्त्रिक आन्दोलनका शहीदको पुण्यतिथिमा सोमबार जिल्ला अदालत गौरको परिसरमा फूलमाला अर्पणसहितको कार्यक्रम गरी मनाएको छ।

प्रजातान्त्रिक आन्दोलनका शहीद शिवप्रसाद कुव, नन्दु साहलगायतका शहीदको पुण्य तिथिमा सोमबार गौर जिल्ला अदालतको परिसरमा शहीद समिति गौरको आयोजनामा विभिन्न कार्यक्रम, योगदानको स्मरणसहितका फूलमाला अर्पणसहितका कार्यक्रम सम्पन्न भएको हो।

**साउदीमा रोजगार**
कम्पनी: SAHAR AL EMDAD TRADING COMPANY IS A ONE PERSON COMPANY शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/०५/०५ चलानी नं.: ६०२२३८४८ L.T. No.: 309296 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 19 | 0 | स. काममा दक्ष | 1000 | ३५,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

श्रम इजाजत पत्र नं.: ११९५/०७३/०७४
**Ishan International Overseas Pvt. Ltd.**
Sinamangal -9, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Branch Office: Atithi Sadan Road, Birtamod, Jhapa Tel: +23-590603, 590307
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com

**VACANCY ANNOUNCEMENT**
A leading foreign recruitment agency is seeking the following position urgently.
PRO- 5 Male/ Female
Receptionist - 2 Female
Documentation- 2 Male/ Female
Qualification: - More than 3/4 years of Experience in Manpower Field
SALARY - No Bar for Deserving candidates
Al Secure Manpower Recruitment P. Ltd.
Panchakumari Marg, Sinamangal, Kathmandu, Nepal, 9767283903

**Invitation for Electronic Bids**

**Date of Publication: 2081/08/04**

**Infrastructure Development Office, Sindhuli** invites only electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedures:

| Contract ID | Project Name |
|---|---|
| IDO/SIN/W/NCB/081/82/01 | Upgrading Works on Ratu Budumchuli Road, Ghyanglekh-5, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/02 | Upgrading Works on Garke Ramailo Basti Road, Ghyanglekh-5, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/03 | Upgrading Works on Ma Bi Gope Fedi Road, Ghyanglekh-4, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/04 | Upgrading Works on Bhadaure Kholsi Panchghare Satdobato Road, Ghyanglekh-3, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/05 | Upgrading Works on Bhaise Bastipur Kaule Road, Ghyanglekh-2, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/06 | Upgrading Works on Pani Tyanki Jane Ukalo Road, Kamalamai-6, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/07 | Upgrading Works on Mitra Chowk Aadhunik Ma Bi Pani Tyanki Siddhababa Ma Bi Jasedamar Road, Kamalamai, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/08 | Upgrading Works on Radha Krishna Thangse Bhaktiram Chautare Road, Golanjor-5, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/09 | Upgrading Works on Kirate Kubhinde Road, Golanjor-4, Sindhuli |
| IDO/SIN/W/NCB/081/82/10 | Upgrading Works on Khaniyakharka Tinkanya Dhapchauki Tilpung Road, Golanjor, Sindhuli |

Note: Eligible Bidders may obtain all further information at the office of **Infrastructure Development Office, Sindhuli** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com
४ मंसिर २०८१, मंगलबार
19 November 2024, Tuesday

सम्पादकीय

## समयको अर्थ

पूर्वसभामुख एवं बरिष्ठ अधिवक्ता दमननाथ ढुंगानाको निधनप्रति सरकारले उच्च सम्मान दिएको छ । ८३ वर्षको उमेरमा निधन भएका पूर्वसभामुख ढुंगानाको शोकमा सरकारले मंगलबार सार्वजनिक बिदा नै दियो । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय झण्डा ओढाएर ढुंगानालाई अन्तिम श्रद्धाञ्जलि दिए । आइतबार दिउँसो निधन भएका पूर्वसभामुख ढुंगानाको शव अन्त्येष्टिअघि श्रद्धाञ्जलिका निम्ति सानो गौचरणमा राखिएको थियो । धेरैले भौतिक रूपमा उपस्थित भएरै ढुंगानाको शवमा श्रद्धाको फूल चढाए भने विशाल पंक्तिले सामाजिक संजाल, लिखित वक्तव्य र निर्णय पुस्तिकामार्फत श्रद्धाञ्जलि अर्पण गरे । यो तहको श्रद्धाञ्जलिका निम्ति पूर्वसभामुख ढुंगाना योग्य थिए । त्यसैले उनको निधनबाट मुलुकले ठूलो क्षति बेहोर्नुपरेको भनाइहरू जताततै उल्लेख भइरहेको छ । विशेषतः ढुंगानालाई संसदीय अभ्यासको मानक सभामुखका रूपमा सम्झिएको देखिन्छ ।

पंचायतको अन्त्यपछि २०४८ सालमा गठन भएको प्रतिनिधिसभामा ढुंगाना सभामुख थिए । सभामुख हुँदा ढुंगानाले संसद् भनेको प्रतिपक्षीले कुरा राख्ने थलो हो भन्ने स्थापित गरे । राजनीतिक दलबाट निर्वाचित भए पनि सभामुखको भूमिका तटस्थ हुनुपर्छ भन्ने स्थापित गर्न ढुंगानाले महत्त्वपूर्ण भूमिका खेले । सभामुखका रूपमा ढुंगानाले खेलेको भूमिकाले संसदीय अभ्यासबारे जनताको धारणा सकारात्मक बन्न बल पुग्यो बरू उनीपछिका सभामुखहरूले दलीय पक्षधरता देखाएको प्रस्ट उदाहरण फेला पार्न सकिन्छ । यदि ढुंगानाले पनि आफूलाई सभामुख निर्वाचित गर्ने दल नेपाली कांग्रेसको पक्षपोषण गरेका थिए भने संभवतः संसदीय अभ्यासबारे अझ खराब दृष्टिकोण नागरिकमा बन्न सक्थ्यो । तर, २०४७ सालको संविधानका मस्यौदाकारसमेत रहेका ढुंगानाले संसदीय गरिमा बढाउन अर्थपूर्ण भूमिका निर्वाह गरे ।

तसर्थ, पूर्वसभामुख ढुंगानाको निधनबाट मुलुकलाई अपुरणीय क्षति पुगेको निष्कर्षमा पुग्न सकिन्छ । शोक मनाउन सार्वजनिक बिदा घोषणा गर्ने सरकारको निर्णयप्रति फरक मत राख्नुपर्ने ठाउँ छैन । यदि सार्वजनिक बिदाबारे नीतिगत व्यवस्था बदलियो भने फरक कुरा हो तर अहिलेकै अवस्थामा ढुंगानाको सम्मानमा सरकारको निर्णय उचित छ । यति भनिसक्दा सरकारले ढुंगानाको शोकमा जसरी र जुन समयमा सार्वजनिक बिदाको निर्णय गर्‍यो, त्यस प्रक्रियाप्रति गम्भीर बन्नुपर्छ । सोमबार मन्त्रिपरिषद्बाट सार्वजनिक बिदाको निर्णय हुँदा सरकारी तथा सार्वजनिक कार्यालयहरू खोल्न सेवा प्रदायक व्यक्तिहरू घरबाट हिँडिसकेका थिए । बिहानको काम धेरै भइसकेको थियो । त्यस्तो बेला दिइएको सार्वजनिक बिदाले धेरैलाई दुःख भयो, धेरै अलमलमा परे । एक प्रकारले सम्मानमा दिइएको सार्वजनिक बिदाबाट दुःख भयो । यस्तो प्रवृत्ति सरकारले बारम्बार देखाउँदै आएको छ । हुनुपर्ने निर्णय सही समयमा नहुँदा नागरिकले कष्ट बेहोर्नुपरेको छ । पूर्वसभामुख ढुंगानाप्रति श्रद्धाञ्जलि ।

# आँसुसँगै विलीन मुद्दा

अग्रलेख



● मधु शाही

‘हेलो ! मधु जी नमस्कार । फिल्म प्रदर्शन भएको ३ दिन भइसक्यो, केही लेखिदिनुपर्‍यो’, तिहारताका चलचित्र पूर्णबहादुर सारंगीका ‘हिरो’ विजय बरालले फोनमार्फत भन्नुभएको थियो । उहाँको फोन आउँदा मर्दी हिमालको पदयात्रामा थिएँ । नेटवर्कको समस्याले आवाज राम्रोसँग सुनिएन ।

मैले काठमाडौँ फर्किएपछि लेखौँला भनेर फोन राखिदिएँ । ४ दिनको पदयात्रा पूरा गरेर काठमाडौं फर्किंदा फिल्मको बारेमा चर्चा नगर्ने सायदै कोही थिए । चर्चा मात्र होइन, फिल्म हेरेर सामाजिक संजालका भित्तामा आँसु खसालेका दृश्य पनि सँगसँगै राखिरहेका थिए ।

नेपाली कलाकारिता क्षेत्रमा विजय बराल नौलो नाम होइन तर यो तहको चर्चा सायद पहिलो पटक भएको हो । अझ भनौँ, उहाँ एकाएक ‘चर्चित’ हुनुभयो । सामाजिक संजालमा चलचित्र हेरेर रुँदै हलबाट निस्किने दृश्यले



बरालको अभिनयको तारिफ जताततै भइरहेको थियो । मैले चलचित्र हेरेकी थिइनँ । त्यसैले रुने कुरा पनि भएन ।

हल सबै ‘हाउसफुल’ थिए । एक साता धैर्य गरेँ । यद्यपि, हल भरिएकै छ । जसरी बरालले फिल्म चलेन भनेर फोन गर्नुभएको थियो, मैले उसैगरी उहाँलाई फोन गरेर भनेँ, ‘विजयजी फिल्म हेर्न पाइनँ, सबै हाउसफुल छ । कसरी समीक्षा गरौँ ?’, उहाँले निकै हार्दिकताले भन्नुभयो, ‘म मिलाउँछु नि !’

बराल अभियनले जति अब्बल हुनुहुन्छ, यति नै लचिलो मानवीय स्वभाव छ । झन्डै १६ वर्षदेखि मण्डला थिएटरमा उहाँले रंगकर्मीका रूपमा निरन्तर गर्दै आएको संघर्ष र अभिनयप्रतिको लगाव मैले प्रत्यक्ष देख्ने र लेख्ने अवसर पाएकी छु । अभिनय नै सबैथोक मान्ने कलाकारमध्ये उहाँ पनि एक हुनुहुन्छ । जतिबेला नाटक मंचन गरी थिएटरबाट बाहिर निस्कनुहुन्थ्यो, उहाँको मप्रति उल्टो प्रश्न हुन्थ्यो, ‘मधुजी, मलाई प्रशंसा गरेर नलेख्नु । जे महसुस हुन्छ, यथार्थ आलोचनात्मक लेख्नु है !’

जुन कलाकारले कटु आलोचनालाई पचाउन सक्दैन, ऊ धारिलो हुँदैन । विजय बराल यस सन्दर्भमा असाध्यै लचिलो कलाकार हो । उहाँ अभिनीत ‘पूर्णबहादुरको सारंगी’को लोकप्रियताले यसको पुष्टि गरिसकेको छ ।

‘पूर्णबहादुरको सारंगी’ भनौँ या विजय बरालको सारंगी पर्यायवाची जस्तै छ अहिले किनकि चलचित्रमा बराल आफू हराएर पूर्णबहादुर पात्रका रूपमा उत्रिनुभएको छ । सायद उहाँ ओशोले कलाकारको सन्दर्भमा भन्नुभएको भनाइबाट प्रभावित हुनुहुन्छ । कुनै सन्दर्भमा ओशोले भन्नुभएको छ, ‘जीवन अभिनय गरेजस्तै गरी जिउनु र अभिनय जीवन जिएजस्तै गरी गर्नु !’

बरालले दिलोज्यान लगाएर यस फिल्ममा पात्रअनुकूल अभियन गर्नुभएको छ तर प्रश्न यतिमै टुंगिँदैन । एउटा चलचित्र के हो ? कल्पना, यथार्थ घटना, समाजको ऐना, रूपान्तरणको प्रयास वा व्यापार ?

साहित्यकार अमर न्यौपानले किताब जात्राको छैटौँ संस्करणको संवादका क्रममा भन्नुभएको छ कि साहित्य समाजको ऐना हो भनेर मात्र पुग्दैन, समाज रूपान्तरण र परिवर्तनका आधार सिर्जना गर्ने क्रान्ति पनि हो । लेखक न्यौपानेको बुझाइ सापटी लिने हो भने ‘पूर्णबहादुरको सारंगी’ रूपान्तरण र क्रान्तिभाव जागरणमा चुकेको छ ।

समाजको अत्यन्त पिँधमा पारिएका दलित समुदायको प्रतिनिधित्व गर्ने पात्र हो, पूर्णबहादुर । उसले आफू अपमानित भइरहेको समाजबाट उन्मुक्त हुन नसकेको बेला छोराको चम्किलो भविष्य कसरी पूरा गर्न सक्छ ? चलचित्रले यो प्रश्नलाई भगवान्को भरोसा छोडिदएको छ ।

छोराले पूर्णबहादुरलाई पटकपटक सोध्छ, ‘तिमीलाई किन हेप्छन् बा ?’ खासमा चलचित्रले यसको उत्तर दिनुपर्ने हो तर एउटा गाइने समुदायको गरिबी देखाएर मानवीय संवेदना बटुल्न खोज्दै चलचित्र व्यावसायिक बनाउनु न्यायोचित छैन । चलचित्रले उठाउने मुद्दा र पात्रहरूमा सकारात्मक रूपान्तरण ल्याउन जरुरी थियो, यदि साहित्य रूपान्तरणको आधार हो भने । चलचित्र समाजको दर्पण मात्र हो भने त्यो दर्पण नेपाली समाजलाई देखाइरहन जरुरी छैन, थिएन । हाम्रो समाजले जातीय तथा लैंगिक आधारमा हुने हिंसा र अपमान, गरिबी, सीमान्तकृत हुनुको पीडाबारे हाम्रो समुदाय बेखबर वा अंजान छैन बरु त्यो पीडा ‘कठै’ वा ‘विचरा’मा सीमित छ । अझ अगाडि भन्ने हो भने यो विचारमा मात्र कैद छ । गणतान्त्रिक शासन व्यवस्था अपनाएको डेढ दशक नाघेको समाजले अब ती दलित र सीमान्तकृत पात्रलाई विचरा वा कठै वा विचारमा होइन, राज्य र समुदायले उसमाथि गर्दै आएको विभेदको आत्मग्लानि महसुस गरी व्यवहारमै ‘सुध्रिएको’ महसुस गर्न वा गराउन जरुरी छ ।

हामीले भुल्नु हुँदैन, पूर्णबहादुरले सारंगी बजाएर कला पस्किएको यो समाजले कहिल्यै इज्जत गरेन बरु त्यही सारंगीकै कारण उसमाथि जातीय विभेदको चरम प्रातडना सहन बाध्य पारेको छ ।

यदाकदा भन्ने गरिन्छ, ‘दलित समुदायले आफ्नो जात, थर र पेसामाथि गर्व गर्न सिक्नुपर्छ ।’ चलचित्र पूर्णबहादुरको सारंगीले पनि डाक्टर पढेपछि छोरोले गौरवका साथ सारंगी समाएको दृश्य देखिन्छ । कुनै पनि सम्प्रदायको जात, धर्म र थरमाथि न कथित दलित, न कथित गैरदलित । कसैले न घृणा गर्न जरुरी छ, न गर्व नै । यो मानवले आर्जेको कुनै पनि तत्त्व होइन, केवल मान्यताबाहेक । तर, त्यही थर, जात र पेसाले मान्छेको अस्तित्वमाथि नै प्रश्न गर्ने अवस्था सिर्जना हुन्छ भने त्यो सारंगी पुस्तान्तरण गर्नुको कुनै अर्थ छैन ।

दलित अधिकारकर्मी भन्छन्,‘कथित दलित समुदायमाथिका विभेद राज्यद्वारा नीतिबद्ध बनाएर गरिएको विभेद हो । पूर्णबहादुर कुशल कला साधक हुन् । उनी सिर्जना सुनाएर आय आर्जन गर्छन् । उनी मगन्ते होइनन् ।’ हो, चलचित्रले पूर्णबहादुरलाई मगन्ते बनाएको छ । जुन समाजले सारंगी बजाउनेलाई मगन्ते भन्दै आएकै थियो, त्यही यथार्थ देखाइएको छ ।

खाँचो त पूर्णबहादुर मगन्ते होइनन्, उनी एक अब्बल र कर्मशील कलाकार हुन् भनेर साबित गराउनु थियो । चलचित्रमा पूर्णबहादुरले छोरालाई पढाएर चिकित्सक बनाएपछि उसले भोगेजस्तै अपमान र विभेद के अब उसको छोराले सहनुपर्दैन ? भन्ने जबाफको थियो ।

हाम्रो समाजमा प्रशस्तै घटना भइरहेका छन् जातका आधारमा । यो ‘ब्राह्मणवादी’ सोचको पराकाष्ठा हो । समाजमा विद्यमान यो सोच चिरेर मान्छेले मान्छेमाथि गरिएको अमानवीय आचरणप्रति लज्जाबोध गराउनुपर्ने अहं मुद्दालाई चलचित्रका निर्देशक सरोज पौडेलले बेवास्ता गरेका देखिन्छ ।

आँसु बेच्न सजिलो छ, यदि ढंग पुग्यो भने । ‘पूर्णबहादुरको सारंगी’ले नेपाली चलचित्रको इतिहास नै रच्यो यस हिसाबले । अभिनयले रुवाएको चलचित्रमा विषयवस्तु भने कुनै अनौठो र अपरिचत होइन । दलित समुदायको रोदनलाई सिँढी बनाएर सत्तामा पुगेपछि सबै भुलेजस्तै चलचित्र ‘पूर्णबहादुरको सारंगी’ले पनि समाजको चरम विभेदमा परेको समुदायमाथि न्याय गर्ने उद्देश्य गौण ठानेको देखिन्छ । कलाकारको अभिनयले रोदनको व्यापार गर्दैमा चलचित्रले इतिहास रच्न सक्छ तर सफल र चमत्कारपूर्ण चलचित्र भन्न सुहाउँदैन । ‘पूर्णबहादुरको सारंगी’ले उठाउनुपर्ने थुप्रै सामाजिक मुद्दाहरू कलाकारको आँसुसँगै विलीन भएका छन् । अर्थहीन भएका छन् ।

*(रासससबाट)*

*कलाकारको अभिनयले रोदनको व्यापार गर्दैमा चलचित्रले इतिहास रच्न सक्छ तर सफल र चमत्कारपूर्ण चलचित्र भन्न सुहाउँदैन*

## सामाजिक सञ्जाल



**- कृष्ण ज्ञवाली**

बिदा दिएर शोक मनाउने प्रचलन तोड्नपर्‍यो । यसै पनि कामको उत्पादकत्व न्यून भएको हाम्रो जस्तो मुलुकमा कर्मचारीबाहेक कसैलाई प्रिय नलाग्ने यो परम्परालाई किन जीवित राख्ने ? कार्यालय खुला राखेर बरु स्मृति-सम्मान स्वरूप संक्षिप्त श्रद्धाञ्जलि कार्यक्रमसँगै दैनिकी सुरु गर्न सकिन्छ ।



**- रञ्जित तामाङ**

बिदा हिजो बेलुकै दिए हुन्थ्यो । लाखौं मान्छेको कार्यतालिका बिग्रनेगरी अफिस लाग्ने बेलामा किन बिदा दिनु ? यसको असर कतिसम्म पर्छ भने, त्यत्रा सरकारी क्यान्टिनहरूमा पाक्दै गरेको खाना खेरा जाँदै छ । डुबेका ती साना व्यवसायीका कुरा कतिलाई ख्यालठट्टा लाग्न सक्छ तर यो तीतो यथार्थ हो ।



**- देवेन्द्रराज पाण्डे**

यो अकस्मातको सार्वजनिक बिदा आवश्यक थिएन । बाँचेकै बेला नेका, एमाले आदिले यी सक्षम, योग्य र अनुभवी नागरिकको निम्ति उपयुक्त राजकीय जिम्मेवारीको चाँजोपाँजो मिलाइदिएको भए बढी ग्राह्य हुन्थ्यो होला । कम्तीमा उनको सल्लाह, सुझाव सुनिदिएको भए हुन्थ्यो ।



**- विनोद गौतम**

दुखद् होस् कि खुशीको, आकस्मिक सार्वजनिक बिदा दिने निर्णय गर्ने कार्यक्षेत्र गृह मन्त्रालयको हुन्छ । यस मन्त्रालयको सक्रियतामा धमिरो लागेको छ । त्यसैले यससम्बन्धी काम समयमा हुँदैनन् ।

# हाँडीगाउँको जात्रा

संस्कृति



● रत्नप्रसाद अनामणि

काठमाडौंको प्राचीन ठाउँमध्ये एक हो, हाँडीगाउँ, जसलाई किरातकाल तथा लिच्छवीकालमा एक सम्पन्न शहरको रूपमा हेरिन्थ्यो । सत्ययुगमा यो शहर विजयपुर नामले प्रख्यात थियो । यही शहरमा ‘कहीँ नभएको जात्रा हाँडीगाउँमा’ भन्ने उखान जस्तै बिचित्रको जात्रा परम्परा चलिआएको छ ।

यहाँ कात्तिक कोजाग्रत पूर्णिमाको भोलिपल्टदेखि ३ दिनसम्म लगातार जात्रा मनाउने गरिन्छ । यहाँको जात्रामा प्रयोग गरिने रथ अथवा खट अन्यत्र कतै पनि पाइँदैन । रथको गजुर तलपारी गर्भगृह र भगवान्को मूर्ति राख्ने स्थानमाथि रहेको हुन्छ । भगवान् राखिएको गर्भगृहलाई डोरीको सहायताले बेस्सरी घुमाउने गरिन्छ साथै रथमा मैनको सुगन्धित फूलले सजाइएको हुन्छ ।

गोलो ३ तहको विभिन्न फूलहरूले सजाएको गर्भगृह हुन्छ । ती ३ तहलाई हिमाल, पहाड र तराईका प्रतिनिधिको रूपमा लिएको पाइन्छ ।

जात्रामा ३ वटा रथहरू निर्माण गरिएको हुन्छ । ती रथहरू मानन्धर समुदायले बडो मिहिनेत गरी निर्माण गरेका हुन्छन् । ती ३ वटा रथमा ब्रह्मा, विष्णु र महेश्वरको प्रतीकको रूपमा लिइएको पाइन्छ । रथलाई भक्तजनहरूले आ-आफ्नो काँधमा बोकेर वरपरका टोलहरूमा पुऱ्याउने गर्छन् ।

टोलबासीहरूले आ-आफ्नो स्थानमा ल्याई पुऱ्याएपछि आ-आफ्नो गच्छे र श्रद्धाअनुसार पूजाआजा गरिन्छ । स्थानीयहरू उक्त जात्रालाई सत्यनारायणको जात्राको रूपमा पनि लिन्छन् । जात्रा गर्दा रथको गर्भगृह वरपर रहेका फूलको झल्लर घुम्दा निकै रमाइलो लाग्छ । फूलहरू कहिलेकाहीँ खस्दछ । त्यसलाई प्रसादको रूपमा लिनेको भीड हुन्छ ।

यस फूललाई पाउनेलाई सौभाग्यशाली मानिन्छ । नारीहरूले उक्त फूललाई प्रसादको रूपमा ग्रहण गर्नाले सुत्केरी हुँदा सहज हुन्छ भने जनविश्वास रहेको छ । यससम्बन्धी एउटा किंबदन्ती पनि रहेको छ ।

उहिले-उहिले हाँडीगाउँमा २ दिदीबहिनीहरू बस्थे । ती २ दिदीबहिनीमध्ये दिदीले भगवान् मान्दैनथिइन् भने पूजापाठ पनि गर्दैन थिइन् । तर, बहिनीले भने हरेक दिन मन्दिर गई पूजापाठ गर्थिन् ।

समय बित्दै गएपछि दुवै दिदीबहिनीहरूको विवाह भयो । विवाहपछि दुवै जना गर्भवती भए । दुवै दिदीबहिनीको सुत्केरी करिबकरिब एकै समयमा जस्तै भएको थियो । दुवैलाई प्रसव पीडाले च्यापेको थियो । सधैँजसो भगवान्को भक्तिले गर्दा सहज तरिकाले बहिनीको सन्तान जन्मियो भने दिदीले भगवान् नमान्ने हुँदा १२ वर्षसम्म पनि बच्चा जन्माउन सकिनन् ।

दिदीले साह्रै दुःख भोगेको देखेर उनका परिवारले भगवान् नारायणलाई कहीं पनि नभएको जात्रा गर्ने भाकल गरेपछि सहज रूपमा प्रसूति भयो । तर, जन्मिएको बच्चा उल्टो र जुँगासहित भएको जन्मिएछ । त्यसैले खट बनाउँदा उल्टो पारिएको भन्ने जनविश्वास स्थानीयको रहेको छ ।

खट मात्र उल्टो नभईकन फूल पनि संसारमा नै नभएको मैनको फूल चढाएको भनिन्छ । हिजोआज पनि जात्रामा खट सजाउन प्रयोग हुने मैनको फूल प्रसूति व्यथा लागेका महिलाले चढाए वा चढाएको प्रसादको रूपमा ग्रहण गरेमा पीडा कम हुन्छ भन्ने विश्वास रहेको छ ।


हाँडीगाउँकै विषयमा विद्यावारिधि गरेका सम्पदा तथा संस्कृतिविद् डा. सुदर्शनराज तिवारीका अनुसार लिच्छविकालीन समयको राजधानी नै हाँडीगाउँ थियो । त्यसबेला बूढानीलकण्ठदेखि अनामनगरसम्म फैलिएको राजधानीलाई विशालनगर भनिन्थ्यो । उहाँको दाबीअनुसार राजा उदयदेवसहित भृकुटी र नरेन्द्रदेव तिब्बती राजा स्रोङचोङ गम्पोको शरणमा गएका थिए । २० वर्षपछि सेनासहित फर्कंदा उनको स्वागतमा यो जात्रा देखाइएको हो भन्ने रहेको छ ।

वास्तवमा मैनको फूल रथमा सजाइन्छ । उक्त फूल पनि नेपालमा नभएको र तिब्बतबाट नै ल्याइएको हो भन्ने तर्क डा. तिवारीको छ । जे होस्, स्थानीय भाषामा चोक्ते नारायण’ भनेर जात्रा गर्ने उक्त नारायणको नाम नेपाल भाषामा रहेको थाहा हुन्छ । ‘चो’ भनेको माथि, ‘खट’ भनेको रथ र नारायण भनेको देवता यानिकी माथि खटमा रहेको नारायण भन्ने बुझिन्छ । यस्ता अनगिन्ती हाम्रा सम्पदाहरू विभिन्न किंबदन्ती र इतिहासहरूमा जेलिएर रहेका छन् ।

*राजा उदयदेवसहित भृकुटी र नरेन्द्रदेव तिब्बती राजा स्रोङचोङ गम्पोको शरणमा गएका थिए । २० वर्षपछि सेनासहित फर्कंदा उनको स्वागतमा यो जात्रा देखाइएको हो भन्ने रहेको छ*

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | कार्यहरूमा सावधानी राख्नुहोस् । पदोन्नति हुने योग छ । |
| वृष | : | पराक्रम वृद्धि तथा सन्तान सुख प्राप्तिको योग छ । |
| मिथुन | : | श्रीमतीको राम्रो सहयोग पाइने छ । पैतृक सम्पत्तिमा वृद्धि हुन्छ । |
| कर्कट | : | व्यावसायिक यात्रा सफल हुने छ । विवाद हुने योग छ । |
| सिंह | : | दैनिक कार्यमा प्रगति हुन्छ । खर्चमाथि नियन्त्रण जरुरी छ । |
| कन्या | : | प्रतिष्ठामा वृद्धि हुनेछ । कृषिजन्य कार्यमा लाभ प्राप्त हुने योग छ । |
| तुला | : | विदेश यात्राको योग छ । नयाँ सम्पर्क बढ्ने छ । |
| वृश्चिक | : | स्वास्थ्य राम्रो रहने छ । पैतृक सम्पत्ति प्राप्तिको योग छ । |
| धनु | : | सम्बन्धहरूमा सुधार होला । राजकीय कार्यमा वृद्धि हुनेछ । |
| मकर | : | नयाँ सम्पर्क बन्ने छ । शुभसमाचार प्राप्त होला । |
| कुम्भ | : | अनावश्यक खर्च हुने योग छ । मुद्दा मामिलामा सफलता मिल्छ । |
| मीन | : | राजनीतिक सहयोग प्राप्त हुन्छ । उत्साहमा वृद्धि होला । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# बक्स अफिस समाचार

# बोक्सी हुँदैन भन्ने सन्देश : ‘अग्निदहन’

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ मंसिर



आगामी शुक्रबारदेखि रिलिज हुने फिल्म ‘अग्निदहन’ले सोमबार पत्रकार तथा संचारकर्मीसँग अन्तरक्रिया गर्दै फिल्मबारे जानकारी दिएको छ । साहित्यकार तथा पत्रकार लोकमणि पौडेलको उपन्यास ‘अग्निदहन’मा आधारित रहेर तयार पारिएको फिल्मले रिलिजको छेकोमा पत्रकारसँग अन्तरक्रिया गरेको हो ।

फिल्मका प्रस्तुतकर्ता तथा परिकल्पनाकार कोविदशरण उपाध्यायले बोक्सी प्रथा उन्मूलन गराउन आफूहरूले फिल्म बनाएको बताए । ‘समाजमा बोक्सी छैन भन्ने सन्देश दिन हामीले फिल्म बनाएका हौं । बोक्सीका नाममा अझै पनि महिलामाथि अत्याचार भइरहेका घटना बेलाबेलामा सार्वजनिक भइरहन्छन् । हामी फिल्ममार्फत बोक्सी हुँदैन र महिलालाई बोक्सीका नाममा अत्याचार गरिनुहुन्न भन्ने सन्देश दिन चाहन्छौं’, उनले भने ।

फिल्मकी कलाकार प्रमिला तुलाचनले आफूले ‘बोक्सी’को आरोप लागेकी माइली दमिनीको चरित्र निर्वाह गरेको जानकारी दिँदै त्यो चरित्र अध्ययन गर्न सुकुम्बासी बस्ती पुगेको खुलाइन् । ‘मैले निर्वाह गरेको चरित्र निकै चुनौतीपूर्ण थियो । समाजको दुखी, गरिब महिलाप्रति गरिने व्यवहार, एकल महिलालाई गरिने दुर्व्यवहार, असहाय महिलालाई लगाइने लाञ्छना जस्ता दृश्य देखेर यही चरित्रलाई पर्दामा उतार्ने प्रयास गरेकी छु’, उनले भनिन् ।

अर्की कलाकार तुलसी क्षेत्रीले बोक्सीको आरोप लागेका महिलालाई धामी झाँक्रीले दिने यातना साँच्चै असह्य हुने गरेको बताइन् । ‘फिल्ममा मलाई धामीले फलाम डामेको दृश्य छ । त्यो दृश्यको सुटिङ गरेको भोलिपल्टसम्म मेरो शरीरमा घाउ थियो । बोक्सीको आरोप लागेका महिलालाई साँच्चै धामीले त्यसरी डाम्दा उनीहरूलाई झन कति पीडा हुन्छ होला’, उनले भनिन् ।

निर्देशक घनश्याम लामिछानेले आफ्नो फिल्म व्यावसायिक हिसाबले नबनाएको बताए । ‘मान्छे कोही पनि बोक्सी हुँदैन भन्ने सोचलाई देशव्यापी रूपमा अभियान जसरी अगाडि बढाउन फिल्म निर्माण गरेका हौं’, उनले भने ।

फिल्ममा प्रकाश घिमिरे, प्रमिला तुलाचन, माओत्से गुरुङ, अनुपमा भण्डारी, तुलसी क्षेत्री, विष्णु बाँस्तोला, ताराबहादुर गुरुङको अभिनय छ ।

फिल्ममा लोकमणि पौडेलको कथा, पटकथा तथा संवाद, कोविदशरण उपाध्यायको परिकल्पना, परिच्छेद सेनको सहायक निर्देशन, दीर्घ गुरुङको छायांकन, दीर्घ खड्काको सम्पादन, शंकर पाण्डेको प्रोडक्सन डिजाइन छ । यो फिल्म भारतको बिहारस्थित सीतामढीमा कमान्डेन्ट अफ एसएसबी २०औं बटालियनमा बटालियन प्रमुख गिरीशचन्द्र पाण्डेय र फिल्मको निर्माण पक्षको उपस्थितिमा प्रदर्शन गरिएको थियो ।

पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, प्रधानमन्त्री केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले समेत हेरिसकेको यो फिल्मलाई चलचित्र विकास बोर्डले ‘विशेष चलचित्र अवार्ड’समेत दिइसकेको छ ।

## नेपाल–अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको आठौं संस्करण घोषणा

**काठमाडौं/मस–** नेपाल-अमेरिका अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको आठौं संस्करण २०८२ असार ५ देखि ८ गतेसम्म हुने भएको छ ।

अमेरिकाको मेरिल्यान्ड राज्य र वासिंगटन डीसी महानगर क्षेत्रमा आयोजना गरिने महोत्सवका लागि विश्वभरबाट आवेदन खुला गरिएको आयोजकले जनाएको छ । महोत्सवमा कथानक, वृत्तचित्र, छोटा चलचित्र, एनिमेसनलगायतका विधाका चलचित्र देखाइने महोत्सव निर्देशक युवाकर राजकर्णिकारले जानकारी दिए ।

उनले भने, ‘नेपाल, अमेरिका र दक्षिण एसियासहित विभिन्न देशका स्वतन्त्र चलचित्रलाई उच्च प्राथमिकतामा राखेका छौं । सबै दर्शक तथा सहभागीमा मनोरंजन र ज्ञान आदानप्रदानको अनुभूति गराउने विश्वास लिएका छौं ।’ मेरिल्यान्डमा स्थापित गैरनाफामूलक संस्था ‘नेपाल-अमेरिका फिल्म सोसाइटी’ले सन् २०१७ देखि प्रत्येक वर्ष महोत्सव आयोजना गर्दै आएको छ । वासिंगटन डीसी, मेरिल्यान्ड र भर्जिनियाका स्थानीय चलचित्रकर्मीलाई प्रोत्साहन गर्न ‘डीएमभी क्लोजअप’अन्तर्गत पनि चलचित्र प्रदर्शन हुने जनाइएको छ ।

अन्तर्राष्ट्रिय चलचित्रकर्मी संलग्न समितिले आवेदन परेकामध्येबाट चलचित्र प्रदर्शनका लागि छनोट गर्ने छ । प्रदर्शन गरिएकामध्येबाट उत्कृष्टलाई पुरस्कृत गरिने र महोत्सव अवधिमा चलचित्र, संस्कृति र नयाँ प्रविधिबारे ‘प्यानल’ छलफल तथा कार्यशाला हुने आयोजकले जनाएको छ ।

# देवेन्द्रका ‘दृढ संकल्प’ र ‘देवु’ सार्वजनिक



**काठमाडौं/मस–** साहित्यकार एवं गीतकार देवेन्द्र के.सी. ‘देवु’का २ कृति सार्वजनिक भएका छन् । सोमबार काठमाडौंमा आयोजित कार्यक्रममा के.सी.को चौथो मुक्तक कृति ‘दृढ संकल्प’ र तेस्रो गीति एल्बम ‘देवु’ लोकार्पण गरिएको हो ।


कवि एवं गीतकार पूर्वमन्त्री एस. पी. कोइराला, कवि एवं गीतकार चूडामणि देवकोटा, गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापा, कवि, गजलकार एवं समालोचक घनेन्द्र ओझा, प्रकाशक चन्द्रा के.सी.लगायतले उक्त कृतिहरूको विमोचन गरेका थिए ।

पुस्तकमाथि टिप्पणी गर्दै समालोचक ओझाले देवेन्द्रका सिर्जनामा आफू जन्मिएको र हुर्किएको स्थान गण्डकी क्षेत्रको प्रकृति, लोक संस्कृति र परंपराका विषय सन्दर्भ नछुट्ने बताए । ओझाले खरो र दृढ स्वभावका कोमल हृदय भएका व्यक्तिका रूपमा के. सी.लाई परिचित गराउँदै उनका रचनाले गिर्दो मानवीयता, भ्रष्टाचार, अनियमितता, राष्ट्रघातमाथि तीव्र र तीखो व्यंग्य गर्दै त्यसमा सुधारको आह्वान गरेका सुनाए ।

गीति एल्बम ‘देवु’माथि वरिष्ठ संगीतकार शक्तिबल्लभले प्रकाश पार्दै देवेन्द्रका गीतमा लोक जीवन झल्कने बताए । सुललित र कोमल गीत लेख्ने के.सी.का प्रस्तुत एल्बमभित्रका गीतले आमश्रोताको हृदय छुने दाबी उनको थियो । एल्बममा मुरलीधर, नरहरि प्रेमी, राजनराज शिवाकोटीलगायत ६ जनाको संगीत छ भने नवीन कार्की, समीक्षा अधिकारी, नरहरि प्रोमी, राजनराज शिवाकोटीलगायत ८ जनाको स्वर समावेश छ ।

स्रष्टा के.सी.ले आफूले भोगेको र देखेको जीवन अनि संसारबाटै सिर्जनाका विषय लिएको बताए । लामो समय सरकारी सेवामा रहेर निवृत्त भएका के.सी.ले जागिरे जीवनका प्रसंगहरू पनि आफ्ना रचनामा आएका सुनाए ।

## लोकराजको ‘गर्न मन छ कुरा पियारी’ सार्वजनिक



**काठमाडौं/मस–** मोडल उमेश भट्टको महत्त्वाकांक्षी प्रोजेक्टका रूपमा तयार भएको ‘गर्न मन छ तिमीसँग कुरा पियारी’ बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ ।

गीतका शब्द गीतकार लोकराज अधिकारीले लेखेका हुन् । द भ्वाइसका प्रथम विजेता सीडी विजय अधिकारीको संगीत रहेको गीतमा समीक्षा अधिकारी र सीडीको स्वर छ ।

**वर्गीकृत डिस्प्ले**

**ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको सूचना**

मिति २०८१/०५/०१ गते बानेश्वरदेखि कोटेश्वर जाने क्रममा मेरो निम्न विवरण भएको **Master** को ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ ।

नाम : आशिष सिंह हरिजन
रजिष्ट्रेसन नं. : ३-२-४५-२६३-२०१५
सिम्बोल नं. : २०२०२
सम्पर्क नं. : ९८०२०५५५२५

**ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएको सूचना**

मिति २०८१/०५/०१ गते बानेश्वरदेखि कोटेश्वर जाने क्रममा मेरो निम्न विवरण भएको **Master** को ट्रान्सक्रिप्ट सर्टिफिकेट हराएकोले पाउनुहुने महानुभावहरुले निम्न सम्पर्क नं. वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु हुन अनुरोध छ ।

नाम : इन्दु ज्ञवाली
रजिष्ट्रेसन नं. : ३-२-३७६-११२-२०१४
सिम्बोल नं. : २०२०३
सम्पर्क नं. : ९८६०८०९४३५

**काठ लिलाम विक्री सम्बन्धी सूचना**

प्रथम प्रकाशित मिति : २०८१/०८/०४

यस सामदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट संकलन गरी सामुदायिक वन कम्पाउण्डमा घाटगद्दी भएको गोलिया काठ लिलाम प्रक्रियाद्वारा लिलाम बढाबढ गर्नुपर्ने भएकोले घाटगद्दीमा मौज्दात रहेको जात साल, अस्ना, हल्दु र खयर गरी विभिन्न ग्रेडको जम्मा १८५२.१ क्यूफिट काठ र साल दाउरा १.७५ चट्टालाई शिलबन्दी बोलपत्रद्वारा लिलाम विक्री गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले २१ दिन भित्रमा यस सा.व.उ.स. को कार्यालयबाट बोलपत्र खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिनको ३ बजेभित्र यस समूहको कार्यालयमा दाखिला गर्न हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

अध्यक्ष
श्री टेङ्गना सामुदायिक वन उपभोक्ता समूह
घोडाघोडी नगरपालिका-४ कैलाली

**Government of Nepal (GoN)**
**Triveni Municipality**
**Bajura**

**Invitation for Bids for the Procurement & Transportation of Stationary (Maslanda) at Triveni**
**Municipality Contract Identification No: TM/NCB/G/02/2081-82**

**Date of publication: 18-11-2024**

1. The Government of Nepal has allocated funds to cover eligible payment under the Contract for Procurement & Transportation of Stationary (maslanda) at Triveni Municipality (IFB No: TM/NCB/G/02/2081-82). Bidding is open to alleligible Nepalese and Foreign Bidders.[defined in the guidelines]
2. The Triveni Municipality, Bajura invites sealed and or electronic bids from eligible bidders for the procurement of Supply of Stationary (maslanda) in Municipality Office under National Competitive Bidding procedurespecified in Public Procurement Act and Regulations.
[Note: In case of IFB to be published as slice basis the Purchaser may add following information:
The bidder may submit the bid for single or more slices as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done slice by slice basis, with contracts awarded based on the award combination that is of leastcost to the Purchaser.]
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Triveni Municipality, Bajura Triveni Municipality, Bajura Sudoor Pachism Province Nepal or may visit PPMO egp system website www.bolpatra.gov.np/egp.
4. If hardcopy is allowed then a complete set of Bidding Documents may be purchased from the office Triveni Municipality, Bajura, Triveni Municipality, Bajura Sudoor Pachism Province
Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000.0 till 18-12-2024 12:00 duringoffice hours.
OR
A complete set of Bidding Documents may be purchased from the following bank/office by eligible Bidders on thesubmission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000.0 NRs till 18-12-2024 12:00. If so requested Bidding Documents can alsobe sent by post/ service upon payment of additional fee for post/courier. However the Employer will not be responsible for delay or non-delivery of the document to sent
Name of the Bank: Nepal Bank .Ltd
Name of the Office: Triveni Municipality, Bajura
Office Code no:
Office Account no: 26803000001001000001
Rajaswa (revenue) Shirshak no: 26803000001001000001
6. Sealed or Electronic bids must be submitted to the office Triveni Municipality, Bajura Sudoor Pachism Province Nepal through PPMO website www.bolpatra.gov.np. on or before 18-12-2024 12:00. Bids received after thisdeadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 18-12-2024 13:00 hours at the office of Triveni Municipality, Bajura Sudoor Pachism Province Nepal Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scannedcopy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of 60000.00 NRs which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified forthe original last date of bid submission.

**सुपरमाई हाईड्रोपावर लिमिटेड**
**रजिष्टर्ड कार्यालयः का.जि.का.म.न.पा.-३०, ज्ञानेश्वर, काठमाडौं, फोन नः ०१-४४४११३७**
Email:supermaihydropower@gmail.com, web: https://supermaihydropower.com.np

**दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०८१ मसिंर ०४ (November 19, 2024)**

**आदरणीय श्री शेयरधनी महानुभावहरु,**
सुपरमाई हाईड्रोपावर लिमिटेडको मिति २०८१/०८/०२ मा बसेको संचालक समितिको १११ औं बैठकको निर्णयानुसार देहायका विषयहरु उपर छलफल गर्न कम्पनीको दशौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने निर्णय भएको हुँदा कम्पनीका सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ बमोजिम यो सूचना प्रकाशित गरीएको छ ।

**दशौं बार्षिक साधारण सभा हुने मिति, स्थान र समय**
**मिति : २०८१/०८/२८ गते (तदनुसार December 13, 2024), शुक्रबार ।**
**स्थान : लिसरा रिसेप्सन्स् प्रा.लि.–नक्साल काठमाडौं । (Lisara Receptions Private Limited, Naxal Kathamndu)**
**समय : दिनको ४:०० बजे**

**दशौं बार्षिक साधारण सभामा छलफलका विषयहरु**
**१. सामान्य प्रस्तावः**
१.१ संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बार्षिक प्रतिबेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१.२ आ.व. २०८०/८१ को लेखा परिक्षण प्रतिवेदन वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरणमा छलफल गरी पारित गर्ने सम्बन्धमा ।
१.३ कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.ब. २०८१।८२ को लागि लेखा परिक्षक नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । **(श्री सुजन एश एण्ड एशोशिएट्स् चार्टड एकाउण्टेन्टस्लाई योग्य देखिएकोले साबिक कै पारिश्रमिकमा लेखापरीक्षण गर्न सिफारिश गरिएको)**
१.४ संचालक समितिले सिफारिश गरे बमोजिम आ.ब. २०८०/८१ सम्मको संचित मुनाफाबाट शेयरधनीहरुलाई चुक्ता पुँजीको ५.६३१ प्रतिसतले हुने रकम रु २,८१,५७,८९४।७३ (अक्षरुपी : दुई करोड एकासी लाख सन्ताउन्न हजार आठ सय चौरानब्बे पैसा त्रिहत्तर मात्र कर प्रयोजन सहित ) नगद लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
**२. बिशेष प्रस्ताव :**
२.१. संचालक समितिले सिफारिश गरे बमोजिम चुक्ता पुँजीको ७ प्रतिशत अर्थात ३,५०,००० कित्ता शेयर प्रति कित्ता रु १०० का दरले हुने कुल रु ३,५०,००,०००।- (अक्षरुपी : रु तीन करोड पचास लाख) बोनश शेयर बितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।
२.२. प्रबन्धपत्रको दफा ६(क) (ख) (ग) शंशोधन गर्ने सम्बन्धमा ।
**३. विविध :**
३.१ नियमन निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा शंशोधन गर्नुपर्ने अवस्था आईपरेमा प्रबन्धपत्र तथा नियमावलीमा आबश्यक शंशोधन गर्ने अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने सम्बन्धमा ।

**साधारण सभा सम्बन्धी अन्य जानकारीहरु :**
१. प्रोक्सी मार्फत साधारण सभामा भाग लिन चाहने शेयरधनीले कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रोक्सी पेश गरिसक्नु पर्नेछ । एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।
२. सभामा भाग लिन आउनुहुने महानुभावहरुले परिचय खुल्ने परिचय पत्र वा आफ्नो शेयर प्रमाणपत्र प्रस्तुत गरेपछि मात्र सभा कक्षमा प्रबेश गर्न पाईने छ । हाजिरी पुस्तिका दिनको ०४ बजेदेखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहने छ ।
३. दशौं बार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८१/०८/१७ गते एक दिनको लागि शेयर दाखिल खारेज बन्द (Book Close) रहनेछ । मिति २०८१/०८/१६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार श्री RBB Merchant Banking Limited मा प्राप्त शेयर नामसारी, दाखिल खारेजीको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले मात्र यस सभामा भाग लिन पाउने छन् ।
४. सभा सम्बन्धी अन्य बिस्तृत जानकारीको लागि कम्पनीको केन्द्रिय कार्यालय काठमाडौं फोन नं ०१-४४४११३७ वा मोबाईल नम्बर ९८५१३२२७९२ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।
५. संचालक समितिको प्रतिबेदन लगाएतका बित्तीय बिबरणहरु कम्पनीका केन्द्रिय कार्यालय वा सभा हुने दिन सभाहलमा उपलब्ध हुनेछ । यस सम्बन्धमा कम्पनीको website : www.supermaihydropower.com.np मा पनि हेर्न सक्नुहुनेछ ।
६. सभा सम्बन्धी अन्य काम कारवाही कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

**युएई र कतारमा रोजगार**
कम्पनीः OCS FACILITIES MANAGEMENT SERVICES — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८०/०९/१३ — चलानी नं.: ६०२१२४१७ — LT. No.: 297356 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 26 | 15 | स. काममा दक्ष | 1100 | ४०,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**प्रि अन्तर्वार्ता काठमाडौंमा २०८१ मंसिर १० गते (25 November 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर सुनसरी, इटहरीमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता सेन्टर पोइन्ट पार्टी प्यालेस झापा, विर्तामोडमा २०८१ मंसिर १२ गते (27 November 2024) मा हुनेछ ।**

कम्पनीः THI INTERNATIONAL CAFE ONE PERSON COMPANY LLC — शहर : DUBAI
पूर्व स्वीकृत मितिः २०८१/०३/२८ — चलानी नं.: ६०२२२१५८ — LT. No.: 307321 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 70 | 4 | सम्बन्धित काममा दक्ष | 2200 | ८०६९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Supervisor Food Services | 5 | 5 | | 3000 | ११००४० | | | | | | |
| 3. | Restaurant Manager | 10 | 10 | | 5500 | २०१७४० | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ ।**

कम्पनीः AG CAFE INTERNATIONAL — शहर : DOHA
पूर्व स्वीकृत मितिः २०८०/०८/२४ — चलानी नं.: ६०२११२०५ — LT. No.: 296160 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Salesman | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४८०४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Labour | 9 | 2 | | 1000 | ३६९६० | | | | | | |
| 3. | General Clean Worker | 0 | 11 | | 1000 | ३६९६० | | | | | | |
| 4. | Cashier | 4 | 0 | | 1300 | ४८०४८ | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**H.R. International Employment Services Pvt. Ltd.** — Gov. Lic No. 247/058/059
Creating Opportunities Worldwide.
G.P.O. Box. No. 8974, CPC 203, Gairidhara-01, Kathmandu, Nepal
Tel:- 01-4521336, 4528508, Mob :- 9868005965 | 9808018084, Email: hrintl2016@gmail.com / info@hrinter.com, Website: www.hrinter.com
Itahari Contact No: 9823102221, Birtamod Contact No: 9852679651

**युएईमा रोजगार**
कम्पनीः LAHEJ AND SULTAN SECURITY (L.L.C) — शहरः DUBAI
पूर्व स्वीकृत मितिः २०८०/१०/१८ — चलानी नं.: ६०२१४१९८ — LT. NO.: 299252 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards/Guards | 74 | 0 | स. काममा दक्ष | 1200 | ४४,०१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ मंसिर ११ गते (26 November 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ८०६/०६५/०६६
टाउन प्लानीङ, गगंबु, काठमाडौं, नेपाल, Phone: 01-4987991 | 01-4987992 | 01-4954106
Mobile: 9801033972 | 980103373 | 9851164152 | 9801090365 | 9801033970
Jhapa, Birtamode branch: 023-535387 | 023-530415/917 | 023-531060
Mobile: 9801033977 | 9801033976 | 9801033974 | 9801023813 | Email:-siwakoti806@gmail.com

# तराईमा घरजग्गा खरिद–बिक्री बढ्दै

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, ३ कात्तिक ।



कात्तिकमा घरजग्गा खरिदबिक्री कारोबारमा केही सुधार देखिएको छ । देशभर कात्तिक महिनामा ३३ हजार बढी घरजग्गा खरिदबिक्री भएको भूमि व्यवस्थापन तथा अभिलेख विभागले जनाएको छ ।

गत वर्षको कात्तिक महिनाको तुलनामा चालु आर्थिक वर्षको कात्तिकमा घरजग्गा कारोबार २८.६७ प्रतिशतले बढेको छ । गत वर्षको सो महिनामा देशभर २६ हजार ४६ वटा घरजग्गा खरिदबिक्री भएको थियो । त्यस्तै चालु आर्थिक वर्षको असोज महिनाको तुलनामा कात्तिक महिनामा ९.७८ प्रतिशत बढेको छ । असोज महिनामा ३० हजार ५२७ वटा घरजग्गा किनेबच भएको थियो ।

घरजग्गा कारोबार बढ्दा घरजग्गा व्यवसायीमा केही आशा लगाएको छ। व्यवसायीले घरजग्गा कारोबार चाडपर्वको कारण पछिल्लो तीन महिना बढ्न नसकेको बताएका छन्। कात्तिक महिनामा घरजग्गा कारोबारबाट सरकारलाई प्राप्त हुने राजस्व पनि बढेको छ । गत वर्षको कात्तिक महिनामा घरजग्गा कारोबारबाट सरकारलाई दुई अर्ब १६ करोड ३८ लाख रूपैयाँ राजस्व उठेको थियो भने चालु वर्षको कात्तिक महिनामा भने दुई अर्ब ७० करोड ४० लाख रूपैयाँ राजस्व उठेको छ । यद्यपि, यो गत असोज महिनाको तुलनामा कम हो। गत असोजमा घरजग्गा कारोबारबाट तीन अर्ब आठ करोड १२ लाख रूपैयाँ राजस्व उठेको थियो ।

चालु आर्थिक वर्षको चार महिनामा घरजग्गाको कारोवारबाट सरकारलाई १२ अर्ब ७१ करोड ६ लाख रूपैयाँ राजस्व उठेको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागको तथ्यांकअनुसार चालु आर्थिक वर्षको पहिलो महिना साउनमा तीन अर्ब ८३ करोड, भदौमा तीन अर्ब नौ करोड, असोजमा तीन अर्ब आठ करोड र कात्तिकमा दुई अर्ब ७० करोड राजस्व उठेको छ। गत आवको चार महिनामा भने यस्तो राजस्व १२ अर्ब २० करोड ६८ लाख ७१ हजार रूपैयाँ राजस्व उठेको थियो ।

देशभरका मालपोत कार्यालयको तथ्यांकले कात्तिकमा सबै भन्दा धेरै राजस्व काठमाडौं उपत्यकाबाट उठेको देखाएको छ । जसमा सबैभन्दा धेरै राजस्व भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल ललितपुरबाट २४ करोड ५७ लाख, भक्तपुरबाट १७ करोड ६८ लाख, यस्तै, काठमाडौंको चावहिलबाट २१ करोड ४२ लाख, कलंकीबाट १७ करोड ८ लाख, डिल्लीबजारबाट १५ करोड ७७ लाख रूपैयाँ उठेको हो ।

कात्तिकमा तराईका जिल्लाहरूमा लिखत पारित धेरै भएको छ । यसले तराईको जग्गा कारोबार बढ्न लागेको संकेत गरेको छ। कात्तिकमा ३३ हजार ५ सय १४ वटा लिखत पारित हुँदा सबैभन्दा धेरै लिखत पारित मालपोत कार्यालय इनरुवा सुनसरीबाट भएको छ । यस्तै मोरङको बेलबारी मालपोतबाट १ हजार १ सय १२ र मालपोत कार्यालय जनकपुरधाम धनुषाबाट १ हजार २४ वटा लिखत पारित भएको छ। धेरै कारोबार हुने शीर्ष मालपोत कार्यालयमा तराईका जिल्ला नै अघि छन्।

# स्तरोन्नतिको चुनौती सामना गर्न उद्यममा नवप्रवर्तन




**काठमाडौं/मस–** नेपाल अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने संघारमा रहेको सन्दर्भमा यसबाट आइपर्ने चुनौती सामना गर्न साना उद्यम एवं स्टार्टअपमा नवप्रवर्तन आवश्यक रहेको सरोकारवालाहरूले वताएका छन । नेपालले अन्तर्राष्ट्रियस्तरमा पाइरहेको सुविधा कटौति हुने भएकाले प्रतिस्पर्धी बन्न नवीनता र तुलनात्मक लाभका क्षेत्र पहिचान गर्नुपर्ने उनीहरूको धारणा थियो ।

नेपाल उद्योग वाणिज्य महासंघले सोमबार आयोजना गरेको एफएनसिसिआइ इनोभेसन डायलगमा महासंघका अध्यक्ष ढकालले साना, मझौला, र लघु उद्यममा पर्ने प्रभाव कम गर्न सरकार र निजी क्षेत्रले सहकार्य गर्नुपर्ने बताए । लामो समयदेखि आन्तरिक माग घटेकाले धेरै साना र मझौला उद्यमहरू समस्यामा रहेको वताउँदै अध्यक्ष ढकालले अन्तर्राष्ट्रियस्तरमा बढने चुनौती सामना गर्न नवप्रवर्तनमा लगानी बढाउनुपर्ने बताए ।

नेपाल सन २०२६ नभेम्बरदेखि अतिकम विकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति हुँदैछ। त्यसपछि युरोपेली युनियन लगायत विभिन्न विकसित देशहरूमा पाइरहेको भन्साररहित सुविधा गुम्नेछ । ढकालले नेपाली उत्पादनहरू बढ्दो अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको सामना गरिरहेको बताउँदै उच्च गुणस्तरका सामान उत्पादन गरी बजारको माग पूरा गर्न व्यवसायीहरूले ध्यान दिनुपर्ने उल्लेख गरे । सरकारको भूमिका आवश्यक सहयोग सेवा उपलब्ध गराउनेमा महत्वपूर्ण रहेको उनले बताए। घरेलु आर्थिक गतिविधि बढाउन, कर प्रणालीलाई सरल, व्यवसायमैत्री र पारदर्शी बनाउनुपर्ने उनको भनाइ थियो ।

सोही अवसरमा उद्योग सचिव कृष्णबहादुर राउतले पुराना कानूनमा परिमार्जन गरी व्यवसायमैत्री बनाउने प्रयास भैरहेको बताए । बौद्धिक सम्पत्ति सम्बन्धी कानून परिमार्जन गरिरहेको उदाहरण प्रस्तुत गर्दै उनले नवप्रवर्तनमा सहयोग पुग्नेगरी नीतिगत सुधार गरिने जानकारी दिए। त्यसैगरी, राष्ट्रिय योजना आयोगका सचिव मधुकुमार मरासिनीले नेपालले अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुने हुँदा पछि तल झर्न नपर्ने गरी तयारी गर्नुपर्ने वताए । चुनौती सामना गर्न निजी क्षेत्रले पनि पहल गर्नुपर्ने बताए ।

नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले सोचाइमा परिवर्तन गर्न आह्वान गर्दै स्तरोन्नतिपछिको प्रगतिलाई कायम राख्न नवप्रवर्तनशील र नयाँ दृष्टिकोण अपनाउनुपर्ने आवश्यकता औंल्याए। श्रेष्ठले स्थिर नीतिगत वातावरणको महत्व र निजी क्षेत्रको विकासलाई सहज बनाउने तर्फ सरकारको आफ्नो भूमिकालाई प्राथमिकता राख्नुपर्ने कुरामा जोड दिए।

# प्रभु केबलकारले आईपीओ निष्कासन गर्ने





**काठमाडौं/मस–** प्रभु ग्रुपको स्वामित्वमा रहेको प्रभु केबलकारको सर्वसाधारणको लागि साधारण शेयर (आईपीओ) निष्कासन हुने भएको छ । प्रभु केबलकार एण्ड टुरिजम लिमिटेडले ३० करोड रूपैयाँ बराबरको आईपीओ निष्कासनको काम कम्पनीले अगाडि बढाएको छ ।

केबलकारमा प्रभु ग्रुस एण्ड कम्पनिज अन्तर्गतका प्रभु ऊर्जा कृषि पर्यटन विकास लिमिटेड, प्रभु होल्डिङस् एण्ड हाइड्रो डेभलपमेन्ट कम्पनी लिमिटेड, हाइड्रो होल्डिङ एण्ड पावर डेभलपमेन्ट कम्पनी लिमिटेड, प्रभु स्टिल्स एण्ड हाइड्रो इक्युपमेन्ट इन्डस्ट्रिज लिमिटेड गरी ४ वटा कम्पनीको मुख्य लगानी रहेको छ । प्रभु केबलकारको लगानीमा तीनवटा केबलकार परियोजनाहरू अगाडि बढेका छन् ।

जसमध्ये बुटवलमा भगवान गौतम बुद्धको कुलगुरु ऋषि कालदेवलको आश्रम र नुवाकोट गढी पाल्पा जाने सिद्धार्थ केबलकार परियोजना गत असोजदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको कम्पनीले जनाएको छ । प्रभु केबलकारको आईपीओ निष्कासनको लागि बिक्री प्रबन्धक कुमारी क्यापिटल रहेको छ ।

# दरबारमार्गमा २५ तलाको अन्नपूर्ण स्क्वायर बन्ने



**काठमाडौं/मस–** काठमाडौंको दरबारमार्गमा २५ तलासहितको अन्नपूर्ण स्क्वायर निर्माण सुरु भएको छ। दरवारमार्गमा रहेको होटल अन्नपूर्ण स्थानमा भाटभटेनी समूह, लिटिल एन्जल्स र अन्नपूर्ण समूहको संयुक्त ६ अर्बको लगानीमा बन्ने अन्नपूर्ण स्क्वायरको सोमबार शिलान्यास गरिएको हो ।

कम्पनीका अध्यक्ष मीनबहादुर गुरुङले भूमिपूजा गरी अन्नपूर्ण स्क्वायर निर्माण शुरू गरेका हुन्। अन्नपूर्ण स्क्वायर दुई चरणमा काम गरेर २०८५ वैशाख १ गतेदेखि सञ्चालनमा आउने बताइएको छ। अन्नपूर्ण स्क्वायर भित्र ९ लाख स्क्वायर फिट क्षेत्रफलमा होटल हुनेछ भने जहाँ साढे तीन सय कोठा र क्यासिनो समेत रहनेछ ।

यस्तै, ४० कोठा अपार्टमेन्ट र भाटभटेनीको सुपरमार्केट समेत स्क्वायर भित्रै रहने छ । बि.सं. २०२२ सालमा खुलेको होटल अन्नपुर्ण २०७२ सालको भूकम्पपछि रिनोभेसन गर्ने भनिएको थियो तर, २०७७ सालमा आएको कोरोना महामारीपछि होटल बन्द भएको थियो ।

# लिट्मस र खेलाडी सनमबीच सहकार्य



**काठमाडौं/मस–** तार, केबल तथा कन्डक्टर उत्पादक कम्पनी लिट्मसले खेलाडी तथा व्यक्तिगत तथा फिटनेस प्रशिक्षक सनम मुलगुठीसँग सहकार्य गरेको छ ।

नेपालको विद्युतीय उत्पादन क्षेत्रमा विश्वास, नवीनता र शक्तिको पर्याय बनेको लिट्मस केबल्सले नेपाली फिटनेस तथा बडी बिल्डिङको क्षेत्रलाई नयाँ उचाइ प्रदान गर्ने सनमसँग सहकार्य गरेको जनाएको छ ।


**Lumbini Provincial Government**
**Ministry of Social Development**

## Directorate of Education and Social Development
## Social Development Division Office

**Nepalgunj, Banke**

## Invitation for Sealed Quotation

**IFB No: 08-081/082**
**(First Date of publication: 2081/08/04 (2024/11/19))**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/W/ SQ-45/2081/082 | Construction of First floor Building of Shree B.P Memorial Ma.Vi. Baijnath- 04 Baniyabhar, Banke | 16,82,777.79 | 40,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/W/ SQ-46/2081/082 | Construction of Building of Shree Nera Ma.Vi. Baijnath- 06 Orilalpur, Banke | 16,79,105.60 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 3. | SDDOBANKE/W/ SQ-47/2081/082 | Construction of Building of Darul Uloom Ibramahiya Gulshan E Khalil Dudwa Gaunpalika- 03 Halbaldoli | 16,79,105.60 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 4. | SDDOBANKE/W/ SQ-48/2081/082 | Construction of First floor Building of Darul Uloom Gulahsn E Raza Nepalgunj -21 Birta, Banke | 16,73,069.52 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 5. | SDDOBANKE/W/ SQ-49/2081/082 | Construction of Building of Maithawa Ma.Vi. Khajura- 01 Radhapur, Banke | 12,54,480.50 | 35,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 6. | SDDOBANKE/W/ SQ-50/2081/082 | Construction of Building of Shree Gyandeep Ma.Vi. Dudwagaunpalika- 05 Dalaipur, Banke | 16,83,336.52 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 7. | SDDOBANKE/W/ SQ-51/2081/082 | Construction of Building of Jan Gyan Jyoti Ma. Vi. Kohalpur-01, Kaushilanagar, Banke | 8,31,921.57 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 8. | SDDOBANKE/W/ SQ-52/2081/082 | Construction of Building of Ne.Ra.Aa.Vi. Khajura- 03 Dhaulagiri, Banke | 8,31,921.57 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 9. | SDDOBANKE/W/ SQ-53/2081/082 | Construction of Cycle Stand of Shree Janata Ma.Vi. Khajura- 07 Bathwa, Banke | 6,69,150.76 | 18,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 10. | SDDOBANKE/W/ SQ-54/2081/082 | Construction of Truss in Namuna Bal Bikas Kendra of Nera Ma. Vi. Kohalpur-12 Khadakwar, Banke | 8,35,001.54 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 11. | SDDOBANKE/W/ SQ-55/2081/082 | Construction of Boundary Wall of Janta Adarsha Ma. Vi. Baijanath- 02 Jabdahawa, Banke | 16,84,351.83 | 40,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 12. | SDDOBANKE/W/ SQ-56/2081/082 | Construction of Boundary Wall of Ambe Mata Pra.Vi. Khajura- 04 Buddhapur, Banke | 8,34,432.68 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 13. | SDDOBANKE/W/ SQ-57/2081/082 | Construction of Boundary Wall of Shree Ne.Ra.Aa.Vi. Kohalpur-07 Lakhanwar, Banke | 8,34,432.68 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 14. | SDDOBANKE/W/ SQ-58/2081/082 | Construction of Boundary Wall of Bageshwori Ma.Vi. Baijnath- 3 Gavar, Banke | 5,79,996.98 | 16,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 15. | SDDOBANKE/W/ SQ-59/2081/082 | Construction of Boundary Wall of Shree Laxmi Pra.Vi. Baijnath- 08 Gurdayalpur, Banke | 5,79,996.98 | 16,000.00/ 75 Days | 1,000.00 | S.Q. |
| 16. | SDDOBANKE/W/ SQ-60/2081/082 | Construction of Boundary Wall of Kalika Pra.Vi. Khajura- 07 Sonversha, Banke | 5,79,996.98 | 16,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 17. | SDDOBANKE/W/ SQ-61/2081/082 | Construction of Building of Shree Singh Bhawani Aa.Vi. Baijnath- 05 Bankatwa, Banke | 16,79,105.60 | 40,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 18. | SDDOBANKE/W/ SQ-62/2081/082 | Construction of First floor Building of Amar Shahid Dashrath Chand Ma.Vi. Barabardiya- 9 Khairini, Bardiya | 12,61,830.27 | 35,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 19. | SDDOBANKE/W/ SQ-63/2081/082 | Construction of Building of Shree Shiv Sundar Ma.Vi. Thakurbaba- 07 Shundarpur, Bardiya | 12,52,485.20 | 35,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 20. | SDDOBANKE/W/ SQ-64/2081/082 | Construction of Incomplete Building of Shree Ne.Ra. Aa.Vi.Madbuban- 08 Banspani, Bardiya | 8,39,350.74 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 21. | SDDOBANKE/W/ SQ-65/2081/082 | Construction of Toilet Building of Amar Shahid Dashrath Chand Ma.Vi. Rajapur- 4 Rajapur, Bardiya | 8,33,573.83 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 22. | SDDOBANKE/W/ SQ-66/2081/082 | Construction of First floor Truss Building of Buddha Aa.Vi. Madhuban - 5 Krishnanagar, Bardiya | 8,34,946.43 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 23. | SDDOBANKE/W/ SQ-67/2081/082 | Construction of Building of Shree Bheri Ma.Vi. Rajapur- 08 Lalitapur, Bardiya | 6,62,435.50 | 18,000.00 / 75 Days | 1,000.00 | S.Q. |

**Re-invitation for Sealed Quotation**
**IFB No: 09-081/082**
**(Second Date of publication: 2081/08/04 (2024/11/19))**

Social Development Division Office Nepalgunj, Banke invites **only electronic bids** from eligible bidders for the following works:

| S. N. | Contract No/ Bids No | Description of Works | Estimated Amount without VAT & PS (NRs.) | Bid Security Amount (NRs.) / Validity Period | Bid document Price (NRs.) | Type of Bidding |
|---|---|---|---|---|---|---|
| 1. | SDDOBANKE/W/ SQ-36/2081/082 | Construction of Incomplete Building of Sarswoti Ma.Vi. Badhaiyatal- 02 Shivashaktipur, Bardiya | 8,34,707.27 | 20,000.00 / 75 Days | 1,000.00 | S.Q. |
| 2. | SDDOBANKE/W/ SQ-37/2081/082 | Construction of Boundary Wall of Shree Ne.Ra. Aa.Vi. Rajapur- 05 Badalpur, Bardiya | 6,63,647.84 | 18,000.00 / 75 Days | 1,000.00 | S.Q. |

| Last date and time for purchase of Bid Document and bid submission | Date, Time and place of Bid Opening |
|---|---|
| 2081/08/19B.S.(2024/12/04AD); up to 12:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) | 2081/08/19 B.S. (2024/12/04 AD); up to 1:00 PM; Social Development Division Office Nepalgunj, Banke (electronic) |
| Bid security validity period | 30 days beyond Bid validity period |
| Bid Validity period | 45 Days for SQ |
| Account No. for bid document purchase/ Bid Fee | **Bank name:**RastriyaBanijaya Bank, Nepalgunj Branch<br>**Account Name:** Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Revenue (rajaswa) Account Number:** 100010020001000<br>**Office Code:** 3500057025 (Social Development Division Office NepalgunjBanke)<br>**Revenue (rajaswa) Heading number:** 14229<br>**Revenue (rajaswa) Amount:** Rs.1,000/-<br>(mentioned purpose of deposit stating contract no. clearly) |
| Account No. for bid security deposit | **Bank Name:** RastriyaBanijaya Bank, Nepalgunj Branch<br>**Account Name:**Province Financial Unit Office, Nepalgunj (Pra. Le. E. Ka.)<br>**Account Number:** 4130100202030000 (Dharautikhata)<br>**Office Code:** 3500057025 (Social Development Division Office NepalgunjBanke) |

1. Bidders shall submit their Bids electronically only. For e-bidding visit **PPMO's** e-procurement web portal **https://www.bolpatra.gov.np/egp** and for additional information please inspect the bidding documents at the Social Development Division Office Nepalgunj, Banke.
2. Social Development Division Office Nepalgunj, Banke reserves the right to accept or reject any Bids without assigning any reasons what sever, other terms and conditions not covered here will be in accordance to PPA-063 and PPR-064.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Officer**



प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: **०१–५३२६३६६, ०१–५३२८२९८**, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**